# भियतनाम र
# भूमिसुधार

केशव बडाल

**भियतनाम र भूमिसुधार**

| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | लेखकमा सुरक्षित |
| **पहिलो प्रकाशन मिति** | : | साउन, २०६६ |
| **दोस्रो प्रकाशन मिति** | : | माघ, २०६६ |
| **प्रकाशन प्रति** | : | एक हजार |
| प्रकाशक | : | **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**<br>फोन नं : ०१-४३६०४८६<br>E-mail: landrights@csrcnepal.org |
| **डिजाईन** | : | **कुमार थापा/महेश्वर फुयाल** |
| **मुल्य** | : | **रु. ६५।-** |
| ISBN | : | 978-99933-810-4-4 |

# विषयसूची

**भियतनाम र भूमिसुधार विकास**............................................१

विषय प्रवेश.......................................................१

भियतनामको सामान्य जानकारी................................३

भियतनामको संक्षिप्त इतिहाँस...................................५

भियतनाममाथि अमेरिकी हमलाका केही घटना.............९

भियतनाममा आर्थिक सामाजिक रुपान्तरणका प्रयास .....१२

भियतनाममा दोइमोई कार्यक्रम................................१५

सन् २०२० सम्मको लक्ष्य......................................२२

भियतनाममा प्रतिनिधिमूलक गतिविधि........................२२

धार्मिक स्थिति....................................................२३

भियतनाममा भूमिसुधार ........................................२३

भियतनाममा सहकारी..........................................२९

भियतनामले सतकर्ता अपनाउनुपर्ने विषय...................३१

**नेपालमा भूमिसुधार**............................................................३५

# भियतनाम, भूमिसुधार र विकास

## विषय प्रवेश

यो आलेखमा मूलतः तीन विषय समावेश गर्न उपुक्त ठानेको छु। भियतनामको सामान्य चिनारी, देशभक्तिपूर्ण सङ्घर्ष, भियतनाममा गरिएको भूमिसुधार र त्यसले भियतनामको अर्थतन्त्र तथा समग्र विकासमा पारेको प्रभाव ।

भियतनाम कहिलेदेखि १९७५ सम्म दिनैपिच्छेजसो अन्तर्राष्ट्रिय समाचारको विषय बन्यो । यति बम प्रहार भए, भियतनामी सेनाले प्रहार गरेको रकेटबाट हवाइजहाज खसालिए, यति क्षति भयो आदि समाचारका शीर्षक हुन्थे । ३० वर्षयता भियतनाम यस्ता समाचारको शीर्षक बन्नुपरेको छैन। त्यसपछि क्रमशः भियतनाम हाम्रो जानकारीबाट पनि ओझेल पर्दै गएको थियो । अर्को कारण भियतनाम र नेपालको सोझै राजदूतस्तरको सम्बन्ध नभएकाले पनि भियतनामबारे छिपछिपे जानकारी मात्रै प्राप्त गर्न सकेका थियौं ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र नेपालको अनुरोधमा एक्सन एड भियतनामको व्यवस्थापन र एमएस नेपालको सहयोगमा २३ फेब्रुअरी २००९ देखि २७ फेब्रुअरी २००९ सम्म प्रत्यक्षरुपले भियतनामबारे थोरै भए पनि अध्ययन गर्ने अवसर प्राप्त भयो । यो यात्रामा पूर्णकुमारी सुवेदी, लक्ष्मण घिमिरे, हरिबोल गजुरेल, नैनकला थापा, जीतेन्द्र देव, गङ्गा पराजुली, भेषबहादुर कार्की, जगत देउजा, रोशन शेरचन र म गरी १० जना थियौं । भएका भिन्नाभिन्नै भौगोलिक सामाजिक र राजनीतिक पृष्ठभूमिबाट आएका हाम्रो ४ दिने भ्रमण अत्यन्त, रमाइलो र फलदायी भयो ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका जगत बस्नेत र एक्सनएड नेपालका रोशन शेरचनको विशेष आग्रह, त्यसमाथि भियतनाम पुग्ने उत्कृष्ट इच्छा पनि थियो ।





भ्रमणका लागि हिंड्नुपर्ने अघिल्लो दिनसम्म नेकपा एमालेको आठौं महाधिवेशन सकिएको थिएन । उता २२ फेब्रुअरीको साँझ ५ बजेतिर यती एयरमार्फत् भैरहवाबाट काठमाडौं आउनैपर्ने थियो । सडक मार्ग ठाउँठाउँमा बन्द थियो ।

महाधिवेशनको नेतृत्व छनोटको मतदान गर्ने लाइनमा पहिलो लहरको पहिलो भएर उभिएको थिएँ । मतपत्र ६ खाले बनाउनुपर्ने थियो तर लोडसेडिङ आदिका कारण तयार भइसकेको थिएन । मतदान नै छाडेर हिंड्ने कि भियतनाम जाने कार्यक्रम छाड्ने भन्नबारे द्विविधा भएको थियो । ५ बजे भैरहवा पुग्नुपर्ने, उहीँ ५ बज्नै आँटिसकेको थियो । मतपत्र आइपुगेन, मसँगै रामचन्द्र झा पनि २ दिनपछि हुने छोरीको विवाहका लागि त्यही प्लेनमा आउनुपर्ने थियो । रामचन्द्र झाजीले यती एयरलाइन्सका व्यवस्थापकलाई अनुरोध गर्नुभो- केहीबेर प्लेन रोक्न सकिएला ? यही तनावका बीच ५ बज्न ५ मिनेट बाँकीमा मतपत्र प्राप्त भयो र भोट हालेर भैरहवातिर लाग्यौं । यसरी भियतनाम यात्राका लाग यती एयरले ३० मिनेट ढिला गरेर सहयोग गर्‍यो । यात्रुले पनि धैर्य गरे ।

२२ तारिख साँझ काठमाडौं आइपुग्यौं र २३ तारिख नेपाल एयरको प्लेनबाट तोकिएकोभन्दा ४ घण्टा ढिलो गरेर बैंकक पुग्यौं । टिजी ६८४ को थाइ एयरबाट बैंकक हनोइ उडान पनि मुस्किलले भेटियो । जे होस्, भियतनाम यात्राको उत्कट इच्छा पूरा गर्न सबैको सहयोग भयो र भ्रमण फलदायी भयो । यो सन्दर्भमा अलिकति अक्षर खर्च गर्नुको कारण हाम्रो यात्रामा देशको स्थितिको झलक पनि आओस् भनेर अलिक असान्दर्भिक विषय समावेश गरेकोमा म पाठकसमक्ष क्षमा चाहन्छु ।

यसरी २३ फेब्रुअरी २००९ को १२ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट शुवर्नभूमि अन्तर्राष्ट्रिय विमानस्थल बैङ्कक र बैंङ्ककबाट हनोइको नोइवाइ अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाली समयअनुसार रातको ८ बजे र हनोइ भियतनामको समयअनुसार ९:१० बजे हामी होटल पुग्यौं । आर्मी होटल हनोइमा हाम्रो बस्ने व्यवस्था गरिएको रहेछ । म १०५ नम्बरको कोठामा परेको थिएँ ।

यसरी २३ तारिख बित्यो । त्यसपछिका २४, २५, २६ र २७ को विहान १०:४० बजेसम्म व्यस्तपूर्वक भियतनामबारे अध्ययन गर्‍यौं ।



समयको तुलनामा अत्यन्त धेरै अनुभव आदान-प्रदान गर्ने मौका मिल्यो । प्रत्येक छलफलमा हाम्रो तर्फबाट नेपालबारे जानकारी दियौं र भियतनाम-नेपाल सोझै राजदूतस्तरको सम्बन्ध विस्तारका लागि प्रस्ताव पनि राख्यौं । भेटघाट कार्यक्रममा मन्त्रीहरुले सकारात्मक सङ्केत पनि दिनुभएको छ । यो भ्रमणका लागि व्यवस्था मिलाउने र व्यवस्था गरिदिने तथा अनुभव आदान-प्रदानमा योगदान गर्ने भियतनामी र नेपाली टोलीका सम्बन्धित सबैप्रति सम्मान तथा धन्यवाद जाहेर गर्न चाहन्छु ।

## भियतनामको सामान्य जानकारी

भियतनाम दक्षिण पूर्व एसियाको पूर्व दक्षिणतर्फको एउटा महत्वपूर्ण राष्ट्र हो । ३,३१,११४ वर्गकिलोमिटर क्षेत्रफल र ८३,३०५,००० जनसङ्ख्या भएको उत्तर दक्षिण लाम्चो अर्थात् उत्तर दक्षिण लम्पसार परेको र मुखमा ठूलो आहारा हालेको अजिङ्गर जस्तै देखिने भियतनामको पश्चिमतर्फ कम्पुचिया र लाओस्, उत्तरतर्फ चीन र





दक्षिण तथा पूर्वतर्फ समुद्रले घेरिएको देश हो । भियतनामको उत्तर दक्षिण लम्बाइ १६०० किलोमिटर छ भने चौडाइ साँघुरो भएको मध्यभागमा केवल ४० किलो मिटर मात्रै छ । उत्तरतर्फ रातो नदी र त्यसले बनाएको फाँट छ भने दक्षिणतर्फ मेकङ नदी र त्यसले बनाएको फाँटले भियतनामलाई उवर्रा भूमि उपलब्ध गराएको छ ।




| | | |
|---|---|---|
| **भियतनामको भाषा** | : | भियतनामी, इङ्लिस, फ्रेन्च, चाइनिज खमेर हो । |
| धर्म | : | बुद्धिष्ट, होएहाव, काओदाइ, क्रिश्चियन, मुस्लिम र परम्परागत धर्म |
| साक्षरता | : | ९४ प्रतिशत |
| सालाखाला आयु | : | ७२ वर्ष |
| प्रतिव्यक्ति आय | : | १०२७ अमेरिकी डलर |
| प्रमुख औद्योगिक उत्पादन | : | खाद्य प्रशोधन, कपडा, सिमेन्ट, केमिकल, सिसा, टायर, वनजन्य उत्पादन, रासायनिक मल |

| | | |
|---|---|---|
| निर्यात | : | चामल, कफीसहित कृषिजन्य पदार्थ |
| आयात | : | पेट्रोलियम पदार्थ, स्टिल प्रोडक्ट, रेल इक्युपमेन्ट, केमिकल्स, औषधी, कच्चा-कपास, फर्टिलाइजर |
| मुख्य व्यापारिक साझेदार | : | सिङ्गापुर, जापान, हङकङ, थाइल्यान्ड, इन्डोनेसिया, जर्मनी, दक्षिण कोरिया, ताइवान, चीन |
| सांसद् | : | ३९५ जना |
| प्रदेशहरु | : | ६३ |

## भियतनामको संक्षिप्त इतिहास

हजारौं वर्षदेखि अन्याय, अत्याचार र शोषण बेहोर्दै आएका भियतनाामी जनताको पीडा संसारका अरु कुनै पनि देशको भन्दा मार्मिक र हृदयस्पर्शीखालको छ। यी अनेक पीडा भोग्दै आएका भियतनामी जनताको चहराइरहेको घाउमा हामी मलम लगाउँछौं भन्दै फ्रान्सेली उपनिवेशवादी आए। उनीहरु हामी स्वतन्त्रता, सभ्यता समानता र सामूहिकता दिन्छौं भन्दै आए।

सन् १८५८ बाट फ्रान्सेली उपनिवेशवादी भियतनाम प्रवेश गरेका थिए। तर भियतनामीको घाउमा नूनचुक लगाउनेबाहेक तिनले केही गरेनन्। भियतनामीको काँधमा नारिएको जुवा हट्नुको साटो अर्को थपियो। भियतनाममा स्कुलभन्दा जेल बढी बनाइए। खाद्य उत्पादनभन्दा बढी रक्सी र अफिम उत्पादन गरियो। भियतनामको कला संस्कृतिमाथिको हस्तक्षेप झन् बढ्दै गयो। १८८७ बाट फ्रान्सले भियतनाममाथि पूर्णरुपले नियन्त्रण गरेको थियो।

भियतनाममाथि नियन्त्रणपछिका ५८ वर्षमा आइपुग्दा हालत यति पीडादायी भयो कि १९४५ मा जतिखेर भियतनामको कुल जनसङ्ख्या २ करोड २० लाख थियो, जसमध्ये २० लाख भियतनामी खानै नपाएर मरे। करिब ९४ प्रतिशत भियतनामी निरक्षर थिए। यतिबेला दोस्रो विश्वयुद्धताका जापानी फासिस्टहरुले भियतनामलाई आफ्नो अखडा बनाएर जापानी फौज त्यहाँ बसाउन थाले, यसले भियतनाममाथि





झन्झन् भार बढ्दै गयो। फ्रान्सेली उपनिवेशको मार भोगिरहेको भियतनाममाथि जापानीहरुको थिचोमिचो र अत्याचारको बोझ थपियो।

हिलोमा कमल फुलेजस्तै, काँडैकाँडामा गुलाफ फुलेजस्तै, पहरामा सुनगाभा फुलेजस्तै, समुद्रको गहिराइमा मोती भएजस्तै, अनेक कष्ट बेहोरिरहेका भियतनामी माझ भियतनामकै माटोबाट जनता र राष्ट्रको पीडा बुझ्न र मुक्तिका लागि साहस र भिजन भएको व्यक्तित्व जन्मिए- होचिमिन्ह। भियतनाम कम्युनिष्ट पार्टीको नेताका रुपमा भियतनामीको ढुकढुकी बुझे। क्रान्ति माटोबाटै हुन्छ। आर्थिक, सामाजिक, संस्कृतिको जग माटो नै हो।

माटोको माया र जनताको मायाबारे ठीकठीक बुझाइ भएका थोरै व्यक्तित्वमध्ये भियतनाममा होचिमिन्ह देखिए। बस्ने, बाँच्ने खन्ने, खोस्रने, रोप्ने, काट्ने, बाल्ने, बनाउने, जीवन बिसाउने माटो नै हो। माटोको माया, माटोको हक, माटोको उपयोग र उपभोग हकको हिफाजत र रक्षा नभई जनताको हकहित रक्षा हुँदैन भन्ने अठोट भएका होचिमिन्हको नेतृत्वमा भियतनाम कम्युनिष्ट पार्टी अघि बढ्न थाल्यो। खासगरी सन् १९४० पछि राष्ट्रिय स्वाधिनताको आन्दोलनले गति लिन थाल्यो। आन्दोलनको मुख्य विषयवस्तु नागरिक समानता, महिला समानता र आर्थिक समानता थियो।

राष्ट्रिय स्वाधीनताको माग लिएर सङ्घर्षरत् भियतनाम कम्युनिष्ट पार्टी र त्यसका नेता होचिमिन्हसमेतलाई भियतनामका लाखौं जनताले साथ दिए। १९४५ मा जापानमा संयुक्त राज्य अमेरिकाले एटम बम प्रहार गरेपछि, दोस्रो विश्वयुद्धमा फाशिष्टहरुको पराजयसँगै भियतनाम गणतन्त्र घोषणा भयो। स्वतन्त्र भियतनामी गणतन्त्रलाई राम्ररी व्यवस्थापन गर्न नपाउँदै फ्रेन्च सेनाले त्यहाँ पुनः १९४६ मा आक्रमण गऱ्यो। भियतनामले फेरि स्वतन्त्रता सङ्ग्राम लड्नुपर्ने भयो।

फ्रेन्चहरुले भियतनामका पुराना सम्राट बाओदाइलाई सिङ्गै भियतनामको सम्राट बनाउने र भियतनामी पुराना सम्राटको नाममा फेरि भियतनाममाथि नियन्त्रण जमाउने योजनाका साथ १९४९ मा फेरि बाओदाइलाई सम्राट बनाए।

१९४५ मा जापान र फ्रान्स उपनिवेशबाट मुक्त गरेर गणतन्त्र स्थापनापछि भोक, अशिक्षा र वैदेशिक हस्तक्षेपविरुद्ध सिङ्गो राष्ट्र जागेको अवस्था विदेशी हस्तक्षेपकारीलाई चित्त बुझेन। त्यसैले फेरि अनेक ढङ्गले आ-आफ्नो प्रभुत्व जमाउन षडयन्त्र गर्न थाले। १९४६ देखि १९४९ सम्म भर्खरै जन्मेको भियतनामी गणराज्यले संयुक्त राज्य अमेरिकाको समर्थनमा फेरि आक्रमणमा उत्रेको फ्रेन्च उपनिवेशवादीसँग लड्नुपर्‍यो। तर साहसी भियतनामीले बहादुरीसाथ लडे। जुलाई १९५४ मा फेरि सम्झौता भयो र भियतनाम स्वतन्त्र घोषणा भयो। तर यो भियतनाम अस्थायीरुपमा २ वर्षअगाडि उत्तर-दक्षिण विभाजन भए पनि २ वर्षपछि सिङ्गो भियतनाम स्वतन्त्र हुने र आमचुनाव गर्ने गरी समझदारी भएको थियो। तर व्यवहारमा त्यस्तो भएन।

१९५४ मई ५ का दिन भियतनाम उत्तर र दक्षिणमा विभाजित भयो। यसपछि उत्तरमा भियतनाम कम्युनिष्ट पार्टीको सरकार बन्यो। दक्षिणमा भियतनामी पूर्व राजा बाओदाइसमेतको समर्थनमा संयुक्त राज्य अमेरिकाको सहयोगमा भियतनाम गणतन्त्र स्थापना भयो। सम्झौताविपरित दक्षिणमा अमेरिकी सैन्य बल र उसकै योजनामा उत्तरमाथि हमला रोकिएन, जारी रह्यो। यसपछि उत्तर भियतनामलाई चीन र सोभियत सङ्घको समर्थन थियो भने दक्षिण भियतनामलाई अमेरिकासमेत पश्चिमा राष्ट्रको समर्थन थियो। उत्तर र दक्षिण भियतनामबीचको युद्ध लगातार जस्तै रहिरह्यो। उत्तरलाई शान्तिपूर्ण समाजवादी निर्माणको बाटो लिन अवरोध गर्ने उद्देश्यले अमेरिकी शासकहरुले दक्षिण भियतनामलाई आधार बनाएर उत्तरमाथिको आक्रमण निरन्तर जारी राखे।

१९६८ को सुरुमा त्यहाँको चर्चित *जेट होलिडेका* बेला होचिमिन्हको नेतृत्वमा दक्षिण भियतनामलाई अमेरिकी नियन्त्रणबाट मुक्त गर्न उत्तर तर्फबाट भिषण आक्रमण भयो, तर त्यो सफल हुन सकेन। कमरेड होचिमिन्हद्वारा पूरै सफल हुने आशा र योजनाका साथ गरिएको कारबाही असफल भयो। साह्रै धेरै *भियतकङहरु (भियतनामी योद्धाहरु)* मारिए, घाइते भए, यो घटनाबाट होचिमिन्ह अत्यन्तै मर्माहत भए। उनलाई अत्यन्त ठूलो आघात पर्‍यो। यो घटनाका कारण सेप्टेम्बर १९६९ का दिन होचिमिन्हको मृत्यु भयो। होचिमिन्हको मृत्युपछि





भियतनाम शोकमा डुब्यो। करोडौं जनताका लोकप्रिय नेताको मृत्युपछि मुलुक नेतृत्वविहीन भएको ठानी यही मौकामा भियतनामलाई आफ्नो नियन्त्रणमा लिन सकिने सोचका साथ संयुक्त राज्य अमेरिकाले यहाँ आफ्नो सैन्य क्षमता वृद्धि गर्‍यो। दक्षिण भियतनाममा आफ्नो नियन्त्रण सशक्त बनाउन र उत्तर भियतनाम पनि आफ्नो हातमा पार्न दक्षिण भियतनामका आफ्ना सैन्य अखडामा ५ लाख ५० हजार सेना तैनाथ गर्‍यो।

१९५४ को जुलाइमा भएको जेनेभा सम्झौताले शान्ति कायम होला, दक्षिणले पुँजीवादी बाटोबाट विकास प्रयास गर्ला, उत्तरले समाजवादी बाटोबाट विकास कार्य गर्ने मौका पाउला, एउटै देश दुई टुक्रामा विभाजन भए पनि आ-आफ्नै तरिकारले भियतनामी जनताको जीवनस्तर उठाउन सक्लान् भन्ने भियतनामी र संसारका शान्तिकामी जनताको आशालाई कारबाहीले निराश बनायो।

अमेरिकाले आफूसँग जे/जति विध्वंशक र युद्धक सामग्री थिए, एटम बमबाहेक सबै प्रयोग गर्‍यो। सयौं युद्धक विमान भियतनामी आकाशमा घुम्न थाले। स्वतन्त्रता र प्रजातन्त्रकै नाममा अमेरिकाले भियतनामी जनताको रगतमा होली खेल्न किञ्चित अप्ठ्यारो मानेन, दक्षिण भियतनामको आफ्नै कठपुतली सरकारलाई बल दिने, दक्षिण भियतनामका न्यायप्रेमी श्रमजीवी जनतालाई सखाप पार्ने र उत्तरमा हवाई आक्रमण गर्ने कार्य झन् झन् बढाउँदै लग्यो। उत्तर भियतनाममाथिको हमला अत्यन्त बरबर र जङ्गलीखालको थियो।

सामान्य शङ्काका भरमा भियतनामीको हत्या अभियान चलायो। उत्तर भियतनामको समर्थन गर्ने, सहानुभूति राख्ने र अमेरिकी अत्याचारको विरोध गर्ने गाउँका गाउँ जलाएर खरानी बनाउने काम गर्‍यो। हत्या, हिंसाका शृङ्खलामा व्यापक वृद्धि गर्न थाल्यो। यस क्रममा भएका हमला, हतियार र विस्फोटक पदार्थको प्रयोगले संसारकै युद्ध इतिहासलाई उछिनेको छ। आफ्नो मातृभूमि रक्षाका लागि साम्राज्यवादी हमलाको प्रतिरोधी सङ्घर्षले पनि इतिहासका सबै घटनालाई उछिनेको छ। त्यसैगरी देशभक्तिपूर्ण सङ्घर्षमा पनि भियतनामले कीर्तिमान कायम गरेको छ।

## भियतनाममाथि अमेरिकी हमलाका केही घटना

३३,११,१४ वर्ग किलोमिटर क्षेत्रफल भएको भियतनाम १९५४ को जेनेभा सम्झौताले उत्तर दक्षिण दुई फ्याकमा विभाजित भएको थियो। त्यसको उत्तरी हिस्सा अर्थात् उत्तर भियतनामविरुद्ध मात्र दोस्रो विश्वयुद्धमा संसारभर प्रयोग भएका सम्पूर्ण बमभन्दा बढी प्रयोग भएको थियो।

उत्तर भियतनाममाथि यो युद्ध अवधिभरमा १ करोड ४ लाख टन विस्फोटक पदार्थ र बम प्रहार भएको थियो। बममात्र ६४ लाख टन खसालिएको थियो। यो विस्फोटक पदार्थ दोस्रो विश्वयुद्धमा संसारभरि प्रयोग भएको भन्दा ४ गुना बढी केवल उत्तर भियतनाममा अमेरिकाले प्रहार गरेको थियो। वैज्ञानिकहरुले उत्तर भियतनाममा पड्काएको बम १९४५ मा संयुक्त राज्य अमेरिकाले जापानको नागासाकी र हिरोसिमा सहरमा खसालेको आणविक बमको ७२५ वटा बम बराबर विध्वंशक हो भन्ने विश्लेषण गरेका छन्।

केवल बममात्र होइन, भियतनाममाथि त्यसबेलाको संयुक्त राज्य अमेरिकी सरकारले ८ करोड लिटर केमिकल छरेर झारपात, रुख आदि सखाप बनाएको थियो, कम्युनिष्ट खोज्ने नाममा। भियतनामका जङ्गलका रुखहरुको सारा पात खसाल्न, झ्यासझाडी सखाप पार्ने र जङ्गलमा लुकेर बसेका कम्युनिष्ट पत्ता लगाउन यो जघन्य प्रकारको मानवताविरोधी हमला गरेको थियो। केवल मानवता विरोधी हैन, जैविक वस्तु सखाप पारेर प्रकृति र वातावरण विध्वंशक अपराधसमेत गरेको थियो। वैज्ञानिकहरु भन्छन्- विश्व तापमान वृद्धिको शृङ्खला बढाउन भियतनाम युद्धमा प्रयोग भएको विस्फोटक पदार्थको व्यापक प्रयोग पनि एक कारण हो।

यसैगरी अर्को घातक केमिकल एजेन्ट अर्गानिक कन्टेनिङ पनि प्रयोग गरे। यस्तो केमिकल पनि करिब ४ करोड ५० लाख लिटर प्रयोग गरेका थिए भनिन्छ। अर्को घातक केमिकल डायोक्सिन पनि ३६६ किलोग्राम प्रयोग गरेका थिए भन्ने प्रमाणित भएको छ।





यो केमिकलको प्रभावकारिताबारे भियतनामी वैज्ञानिकहरुको भनाइ छ- ८० ग्राम डायोक्सिन प्रयोग भयो भने न्युयोर्क शहरका सम्पूर्ण जनसङ्ख्या मर्न सक्छन्। यस्तो घातक केमिकल्स पनि भियतनाममा ३६६ किलोग्राम प्रयोग गऱ्यो अमेरिकाले। यस्ता केमिकल्सको प्रयोगले भियतनामको अधिकांश भागका रुखपातसमेत सफाचट पार्ने काम गरे। धन्य भियतनामी माटो, धन्य भियतनामी र प्राणी फेरि पनि बच्यो। भियतनामी जनताको साहस मरेन। भियतनामी जनताको मातृभूमिप्रतिको समर्पण घटेन, दृढता झन्झन् प्रखर भएर आयो। माटोको महत्व, माटोको मूल्य, मातृभूमिप्रतिको प्रेम, सद्भाव र समर्पण चट्टानभन्दा पनि दरो भएका भियतनामी जनतालाई हामी सबैले सलाम गर्नुपर्छ।

यो युद्धमा ३० लाख भियतनामी मारिए। ४० लाख भियतनामी घायल, केमिकल प्रभावित र अपाङ्ग भएका छन्। अझै त्यसको असरबाट पूरै मुक्त भएका छैनन्। देशको पूर्वाधार पूरै ध्वस्त भएको थियो। ३ लाख भियतनामी अझै हराइरहेका छन्। तिनको अत्तोपत्तो छैन। १९७१ को मध्यदेखि उत्तर भियतनाम भियतकाङका लागि आवश्यक सप्लाई लाइन बन्द गरिए। भियतनामीविरुद्ध घेरा हाल्ने र आक्रमण गर्ने काम गरे। यो युद्धमा प्रत्यक्ष युद्धमोर्चामा मात्रै १३ लाख भियतनामी र ५८,००० अमेरिकी सेना मारिए। अमेरकी सेनाका हेलिकोप्टर र लडाकु विमान मात्रै ८००० ध्वस्त भए। खरबौं डलर युद्धका लागि खर्च भयो। वास्तवमा अमेरिकाले यत्रो धनजनको क्षति हुने गरी गरेको आक्रमणबाट क्षतिबाहेक केही भएन। न जस, न जित ? यस्तो मावनता विरोधी आक्रमणबाट संसारका जोकसैले पनि नकारात्मक शिक्षा लिनैपर्छ।

अन्यायपूर्ण आक्रमणले कहिल्यै केही पाउँदैन। न्यायपूर्ण सङ्घर्षले कहिल्यै हार्दैन भन्ने कुराको थप प्रमाण छाडेर भियतनाम युद्धमा न्यायको जीत भयो। अन्याय अत्याचारको हार भयो। यो युद्धमा संयुक्त राज्य अमेरिकाले गरेको खर्च संसारका गरिबीको मारमा परेका जनताको उत्थानका लागि खर्च गरेको भए संसारको शान्तिपूर्ण विकासका लागि त्यो कोसेढुङ्गा हुने थियो।

स्वतन्त्रता, स्वाभिमान र सार्वभौमिकताभन्दा ठूलो केही छैन भन्ने अठोट बोकेका भियतनामी जनता भियतनाम कम्युनिष्ट पार्टी र कमरेड होचिमिन्हको भावनाले भियतनाम स्वतन्त्र हुनसक्यो। भियतनामी जनताले भियतनामको माटोको महत्व र स्वतन्त्रताको महत्व बुझे। ३० अप्रिल १९७५ मा भियतनाम युद्ध समाप्त भयो। सिङ्गै भियतनाम भियतनामी जनताको नियन्त्रणमा आयो। भियतनाम समाजवादी गणतन्त्रको विधिवत् घोषणा भयो। उत्तर भियतनामकै जस्तो राज्य व्यवस्था सामाजिक आर्थिक व्यवस्था सिङ्गै भियतनाममा लागू भयो। तर पनि अमेरिकाले भियतनामलाई दुःख दिन छाडेन। भियतनाममाथि व्यापारिक नाकाबन्दी लागू गरेर विकासमा तगारो हाल्न छाडेन। १९९४ को फेब्रुअरीपछि मात्र भियतनाममाथिको नाकाबन्दी हटायो। १९९४ पछि मात्रै अमेरिकासँग कूटनीतिक सम्बन्ध स्थापित भयो।

भियतनाम शान्ति तथा विकास प्रतिष्ठानका उपाध्यक्ष ट्रान डक लुई भन्छन्- 'हामी भियतनामी शान्तिको अत्यन्त हिमायती छौं। शान्तिको महत्व र युद्धको पीडा हामी भियतनामीले जति कसैले बुझ्दैन होला जस्तो लाग्छ। युद्धपछि पनि हामीले गरिबी र पछौटेपनबाट मुक्ति पाउन धेरै सङ्घर्ष गर्नुपर्‍यो। युद्धबाट लाखौं मारिएका छन्, लाखौंको अङ्गभङ्ग भएको छ। विकासका पूर्वाधार ध्वस्त भएका थिए। त्यस्तो अवस्थाबाट भियतनामलाई माथि उठाउनु कम चुनौतीको काम हैन। तर हामी भियतनामलाई माथि उठाउने अभियानमा छौं। हाम्रा अव्यावहारिक नीति परिमार्जन गर्दैछौं। अवैज्ञानिक सोच परिमार्जन गर्दैछौं। भियतनाम संसारसँग मित्रता चाहन्छ। आफ्ना अनुभवबाट अरुले सिकून् भन्ने चाहन्छ।'

लुईको उक्त भनाइभित्र धेरै कुरा लुकेका छन्। मार्मिक ढङ्गले व्यावहारिक बन्न प्रेरित गर्ने विषय समावेश छन् भन्ने सहजै बुझ्न सकिन्छ।





## भियतनाममा आर्थिक सामाजिक रूपान्तरणका प्रयास

आर्थिक, सामाजिक क्षेत्रमा क्रान्तिकारी परिवर्तनविनाको राजनीतिक परिवर्तनले जनताको जीवनमा खासै परिवर्तन आउँदैन। भियतनाममा पनि तमाम प्रतिकूलता र अप्ठेरा पार गर्दै जनताका आकाङ्क्षा र राष्ट्रको आवश्यकता पूरा गर्नु कम चुनौतीपूर्ण काम थिएन। समाजवादी समाज निर्माण गर्ने, सामन्तवाद तथा साम्राज्यवादका आधार समाप्त गर्नु, विध्वंश भएका भौतिक संरचना निर्माण गर्ने आदि।

युद्धकालमा अङ्गभङ्ग भएका, टुहुरा भएका घरबारबिहीन भएकाको समस्या तत्कालै समाधान गर्नु जरुरी हुन्छ। देशको ग्रामीण क्षेत्रमा रहेका आम भूमिहीन तथा गरीब किसानका निम्ति आवश्यक न्युनतम जमिन उपलब्ध गराउनु, त्यसका लागि आवश्यक आधार निर्माण गर्नु पहिलो आवश्यकता थियो। यी तमाम समस्याको हल गर्न भनेर खास गरी आर्थिक सामाजिक क्षेत्रमा क्रान्तिकारी परिवर्तनका प्रमुख उत्पादक शक्ति ग्रामीण किसान र प्रमुख उत्पादनको साधन भूमि भएको महसुस गर्दै भूमि क्षेत्रमा क्रान्तिकारी परिवर्तनको कार्यक्रम कम्युनिष्ट पार्टीको प्रमुख कार्यक्रम बन्यो। र, त्यही पूरा गर्न १९५४ को जेनेभा सम्झौतापछि नै सुरु गरियो। कार्यक्रमहरुमध्ये भूमिको स्वामित्व परिवर्तनको सवाल सबैभन्दा महत्वपूर्ण मानियो र कामको थालनी पनि भूमि सुधारबाटै गरियो।

उत्तर भियतनाममा कम्युनिष्ट पार्टीको नेतृत्वको सरकार भएको हुनाले १९५४ बाट नै सम्पूर्ण जमिन राज्यको भनियो। व्यक्तिको स्वामित्वमा रहेको सबै खेती गरिएको जमिन राज्यको नियन्त्रणमा विनामुआब्जा लिइयो र यसलाई नै सम्पूर्ण जनताको स्वामित्वमा लगिएको भनियो। ती जमिनमा राज्यको निर्णय, निर्देशन र नियन्त्रणमा 'सहकारी' भनिए पनि राज्यकै योजनामा सामूहिक खेती गराउन थालियो। सामूहिक खेती, सामूहिक उत्पादन, सामूहिक वितरण प्रणाली लागू गरियो।

सामूहिक स्वामित्वबाट केन्द्रीय योजनाअनुसारको संयन्त्रद्वारा केन्द्रीय अनुदानमार्फत् कृषि विकासका लागि आवश्यक सामग्री पुर्‍याउने व्यवस्था गरियो। निःशुल्क शिक्षा सबैलाई गरियो। निःशुल्क स्वास्थ्य

सेवाको व्यवस्था पनि गरियो। आवास व्यवस्था सबैलाई पुऱ्याउने प्रयास पनि गरियो। तर देशमा उत्पादकत्व बढ्न सकेन। अन्नसमेत आयात गर्नुपर्ने अवस्थामा पुग्यो। सामाजिक न्यायका लागि भरमग्दुर प्रयास भयो तर सामाजिक न्यायसँगै उत्पादकत्व बढ्न सकेन। गरिबीको समानता भयो, अभावको समानता भयो तर जनताले खोजेको समृद्धिसहितको समाजवादी समानता हुन सकेन। १९५४ पछिको उत्तर भियतनाममा उत्पादकत्व वृद्धि हुन नसक्नुमा दक्षिणसँगको युद्धलाई दोष दिन सकिएला तर १९७५ पछि उत्तर दक्षिण एकीकरण भइसकेपछिलाई के भन्ने ? १९७५ पछि उत्तर दक्षिण सम्पूर्ण भियतनाममा एउटै नीति लागू गरियो। विना मुआब्जा जमिन जोत्नेको गरियो। जमिनमा कसैको एकाधिकार हुनुहुँदैन, जमिन त्यसकै हो, जसले जोतिरहेको छ। यही नीति सबैतिर लागू गरियो। उत्पादनका साधन र उत्पादनको प्रणालीमा समाजवादीकरण गर्ने भनेर त्यसो गरियो।

जमिनको स्वामित्व राज्यको, उपयोग 'सहकारी' समूहको हुने व्यवस्था गरियो। सम्पूर्ण जमिनको उपभोग र विकास कार्य सामूहिक सहकारीले गर्न थाल्यो। तर यसले जनताको जीवतस्तर उठाउन सकेन। जनताको आकाङ्क्षा पूरा गर्न सकेन। उत्पादकत्व बढ्न सकेन। मुद्रास्फीति बढेर गयो। देशको अर्थतन्त्र अस्तव्यस्त भयो। गरिबी र अभावको समानता जनताको चाहना थिएन, तर भयो त्यस्तै।







राजनीतिक इच्छाले मात्रै विकास हुँदोरहेनछ। विकासको आफ्नै नियम हुँदो रहेछ। ट्रान डन लुई भन्छन्- 'भियतनामको यो स्थितिबाट पार पाउन मार्क्सका शिक्षालाई गहन ढङ्गले अध्ययन गर्न थाल्यौं। उत्पादक शक्तिको क्षमता अत्यन्त कमजोर भएको बेला उत्पादनका साधनमा समाजवादीकरण गरियो। उत्पादन सम्बन्धको विकासक्रमलाई ध्यान दिन सकेनौं।

उत्पादनका लागि आवश्यक पूर्वाधार र यान्त्रिकीकरण हुनै सकेको थिएन। समाजवादका लागि न्युनतम भौतिक पूर्वाधार बनेकै थिएन। समाजवादी समाज निर्माणका लागि उत्पादक शक्तिको मनोगत स्थिति पनि तयार भएकै थिएन। यान्त्रिकीकरण, दक्ष श्रमशक्ति, व्यवस्थापन कौशल र त्यसलाई हाँक्ने नेतृत्व निर्माण भइसकेको थिएन। यस्तै बेलामा समाजवादी उत्पादन प्रणाली अपनाउन खोज्यौं। यसैकारण उत्पादन बढ्न सकेन। उत्पादन नै प्रभावकारी नभएपछि, वितरण प्रणाली समाजवादी भए पनि त्यसले गरिबीको समानता मात्रै दिन सक्यो। हामीले मार्क्सवादलाई ठीक ढङ्गले बुझेनौं। ठीक ढङ्गले लागू पनि गरेनौं।

केन्द्रले अर्थतन्त्र सञ्चालन गर्न उन्नत क्षमता, त्यसैअनुरुपको प्रविधि र यान्त्रिकीकरण भइसकेको हुनुपर्थ्यो। त्यस्तो नभइकन समाजवादमा जान खोज्दा राम्रो मनसाय भए पनि परिणाम राम्रो आएन। त्यसैले समग्र आर्थिक नीति नै परिवर्तन गर्नुपर्ने महसुस गरेर नयाँ ढङ्गले सोच्न थाल्यौं। केवल राजनीतिक इच्छाले मात्र समस्या हल हुने रहेनछ। हामी भियतनामीले पछि मात्रै यो महसुस गऱ्यौं। हामी समाजवादमा होइन, समाजवादतर्फ भर्खरै पाइला सार्दै रहेछौं। समान वितरण गर्दैमा समाजवाद हुँदोरहेनछ'- उनले भने।

भूमिहीनमा जमिनको पहुँच पुऱ्याउन, कृषि विकासका पूर्वाधार तथा ग्रामीण विकासका पूर्वाधार निर्माणमा राज्यको भूमिका प्रभावकारी बनाएर उत्पादक शक्तिलाई उत्साहित र प्रोत्साहित गर्दै लानुपर्ने कुरा उपयुक्त भए पनि जमिनको सम्पूर्ण स्वामित्व जनताको भने पनि सम्पूर्ण जमिन राज्यको नियन्त्रणमा लाने र जमिनको उपभोग तथा विकास कार्य सामूहिकरुपमा गर्ने कुराले उत्पादक शक्तिलाई प्रोत्साहित

गरेन । बरु 'सरकारी काम, कहिले जाला घाम' भयो । यसले गर्दा सिङ्गै देशको उत्पादकत्व विकासको जग कृषि, कृषिको जग भूमिसम्बन्धी सवाल नै कृषि क्षेत्रमा क्रियाशील श्रमशक्तिलाई उत्साहित गर्नेखालको नभएर राज्य निर्देशित र नियन्त्रित भएकाले यो प्रकारको भूमिसुधार कार्यक्रम सफल भएन ।

धान निर्यात गर्ने भियतनाम आयात गर्ने तहमा झ¥यो । कृषि विकास मन्द भएपछि गैरकृषि क्षेत्रको विकास स्वतः मन्द हुँदै गयो । बहुसङ्ख्यक जनता किसान र बहुसङ्ख्यक श्रमिक कृषि श्रमिक भएको भियतनाममा तिनै कृषि श्रमिक निराश र हतोत्साहित भएपछि उत्पादकत्व बढ्न सकेन । यसै कारण पनि भियतनाम क्रान्तिपूर्ण भएको १२ वर्षपछि (१९८६) पनि प्रतिव्यक्ति आय १८० डलरबाट माथि जान सकेन । यो स्थिति समीक्षा गरेर समयमै १९८६ मा दोइमोइ कार्यक्रममार्फत् सुधार कार्यक्रम अघि बढायो । त्यसको परिणाम सकारात्मक देखिएको छ ।

## भियतनाममा दोइमोइ कार्यक्रम

भियतनामी जनताले अत्यन्त साहसिक, कष्टकर र पीडादायी युद्ध लडे । १९५४ मा उत्तर भियतनाम कम्युनिष्ट पार्टीको नेतृत्वमा समाजवादी निर्माण कार्यमा लागेको भए पनि दक्षिण तथा दक्षिण भियतनामबाट संयुक्त राज्य अमेरिका र तिनका सहयोगी राष्ट्रसमेतको आक्रमणका कारण युद्धको अवस्थाबाट शान्तिपूर्ण विकास गर्ने अवसर पाएन ।

परम्परागत समाजवादी मोडल अपनाएको भि.क.पा.ले जमिनलगायत् सबै उत्पादनका साधन सम्पूर्ण जनताको स्वामित्वमा भनिए पनि त्यो सरकारी नियन्त्रणमा गयो । जमिन, जङ्गल, जल, जडिबूटी, उद्योग, यातायात, शिक्षण संस्था, स्वास्थ्य संस्था, सञ्चार संस्थालगायत् उत्पादन तथा सेवा व्यवसाय प्रायः सबै राज्यको नियन्त्रणमा गयो । यसरी नै समाजवाद निर्माण गर्न उपयुक्त हुन्छ भन्ने त्यहाँको सरकार तथा पार्टीले ठान्यो । तर क्रान्ति सम्पन्न भएको १२ वर्षसम्म पनि जनताको जीवनस्तरमा कुनै सकारात्मक विकास हुन सकेन । विस्तारै जनतामा असन्तुष्टि बढ्न थाल्यो । के हामीले क्रान्ति गरेको यस्तै





अभाव, गरिबी, भोकमरी बेहोर्नका लागि हो ? प्रश्न आउन थाल्यो । नीतिगत र कार्यक्रमिक हिसाबले केही गल्ती भएको छ भन्ने महसुस नेतृत्व तहमै हुन थाल्यो ।

आर्थिक विकासको गतिविनाको समाजवादले केही दिन सक्तैन । आर्थिक विकासको गति आउन उत्पादक शक्ति उत्साहित र प्रोत्साहित हुनुपर्छ । निरस, निराश र निष्क्रिय तथा अह्राएको गर्ने, दिएको खाने उत्पादक शक्तिले गति ल्याउन सक्दैन । उत्पादक शक्तिलाई अनुसन्धान र विकासबाट सामाजिक न्यायसँगै उत्पादकत्व वृद्धिमा तीव्रता ल्याउने वातावरण सिर्जना गर्नुपर्छ भन्ने अनुभूति भिकपाका नेतामा पनि हुन थाल्यो । भियतनामका समाजशास्त्री, अर्थशास्त्र, वातावरणविद् सबैमा भियतनामको ठोस स्थितिको ठोस विश्लेषण गर्न र त्यसैअनुरुप नीति निर्माण गर्नुपर्ने स्थिति महसुस हुन थाल्यो । जनताको चेतनासँगै आर्थिक, सामाजिक विकासद्वारा मावनीय आवश्यकता पूरा भएन भने नयाँ ढङ्गको विद्रोह हुनु स्वाभाविक हो भन्ने कुरा भिकपा र त्यहाँका अर्थशास्त्री, समाजशास्त्रीले पनि महसुस गर्न थाले । यसै क्रममा १९८६ मा भिकपाको छैटौं महाधिवेशन आयोजना भयो । त्यसले भियतनाममा समाजवाद निर्माण गर्न नवीकरणीय नीति अघि बढाउने निर्णय ग¥यो । नयाँ ढङ्गले आर्थिक, सामाजिक विकास आवश्यक भएको महसुस गरी अघि बढाइएको यो नीतिलाई दोइमोइ कार्यक्रम नामाकरण गरियो ।

## 'दोइमोइ' कार्यक्रमको मुख्य स्वरुप

भियतनाम कम्युनिष्ट पार्टीको छैटौं महाधिवेशन १९८६ मा आयोजना भयो । यही महाधिवेशनले नयाँ आर्थिक, सामाजिक नीति साथ अघि बढाउन दोइमोइ कार्यक्रम अघि बढाउने निश्चित ग¥यो । गरिबी, अभाव, बेरोजगारी, विपन्नतासहितको समाजवादको स्थानमा सम्पन्न र समृद्धिसहितको समाजवाद निर्माण दोइमोइ कार्यक्रमको प्रमुख लक्ष्य थियो । यसको मुख्य लक्ष्य समाजवादी निर्माण अभियानलाई भावनामा होइन, वास्तविकतामा उतारेर नयाँ कार्यक्रम सञ्चालन गर्नु हो । यसका लागि निम्न नीति पारित गरियो :

(क) उत्पादक शक्तिलाई प्रोत्साहित गरी सामाजिक न्यायसँगै उत्पाकत्व वृद्धिका लागि आवश्यक उपाय अनुसन्धान गरी विकासको गति तीव्र पार्ने ।

(ख) समाजवादउन्मुख बजार अर्थतन्त्र निर्माण गर्ने, जसमा आर्थिक क्षमता अभिवृद्धि गर्ने, उत्पादनका साधनको विकास गरी जनताको जीवनस्तरमा सुधार गर्ने ।

(ग) बजारले सामाजिक समस्या हल गर्दैन । मुक्त बजार अर्थतन्त्र ( फ्रि मार्केट इकोनोमी) मा भियतनाम कम्युनिष्ट पार्टी विश्वास गर्दैन । मुक्त बजार अर्थतन्त्र भनेको केही ठूला कम्पनीको हालिमुहाली हुनु हो र श्रमिकहरु शोषित हुनु हो । त्यस्तो बजार अर्थतन्त्र हाम्रो लक्ष्य होइन । हाम्रो बजार अर्थतन्त्र भनेको समाजवादउन्मुख बजार अर्थतन्त्र हो ।

(घ) बजारलाई समाजवादी राज्यले यसरी नियमन गर्नुपर्छ, जहाँ अल्पसङ्ख्यक नाफाखोरले बहुसङ्ख्यक जनता र उपभोक्तालाई शोषण गर्न नसकून् ।

(ङ) भूमि स्वामित्वको सवालमा विशेष व्यवस्था हुनुपर्छ । स्वामित्वमा विविधीकरण हुनुपर्छ तर राज्यको सबै क्षेत्रमा नियमनकारी भूमिका उत्पादन तथा वितरण दुवै क्षेत्रमा हुनुपर्छ । यसो भएमात्र निजी क्षेत्रको एकाधिकारले उपभोक्तालाई मार पार्नबाट जोगाउँछ ।

(च) राष्ट्रिय सुरक्षा आवश्यकताको क्षेत्र, प्राकृतिक स्रोत, रेल्वे, हवाइ यातायात, सार्वजनिक यातायात, विद्युत्, पानी, सञ्चारलगायत्का क्षेत्रमा राज्यको नेतृत्वकारी भूमिका रहनेछ । विकासका लागि र बहुसङ्ख्यक जनतालाई नभै नहुने खानी, निर्माण क्षेत्र, कृषि क्षेत्र, भारी उद्योग, टेक्सटाइल, गार्मेन्टमा पनि राज्यको विशेष भूमिका आवश्यक छ ।

(छ) राज्य सञ्चालित कम्पनी तथा इन्टरप्राइजहरु बहुउद्देश्यीय इकाई हुन् । यो केवल नाफाका लागि सञ्चालित हुनुहुँदैन । रोजगार सिर्जना गर्नु, गरिबी निवारण गर्नु जस्ता काम लोककल्याणकारी कामका रुपमा गर्नुपर्छ । राज्यसञ्चालित प्रतिष्ठानलाई





समाजवादी निर्माण र बजार अर्थतन्त्र सँगसँगै लानका लागि महत्वपूर्ण रुपमा लिनुपर्छ ।

(ज) अन्तर्राष्ट्रिय आर्थिक सहयोगलाई पारस्परिक लाभका आधारमा अघि बढाउने नीति लिएको छ । जसमा राष्ट्रियरुपमा आर्थिक सार्वभौमिकतालाई रक्षा गर्दै अघि बढ्ने नीति लिएको छ ।

(झ) जमिनको सवालमा पनि सम्पूर्ण सामूहिकीकरणले उत्पादकत्व बढेन । जो काम गर्छ, उसले सामुहिक स्वामित्व त पायो । यसले पनि नहुने देखेपछि यसलाई खुकुलो पार्दै किसानलाई लिजमा दिने र किसानको स्वामित्वमा जमिन दिनुपर्छ भनियो । भूमिसम्बन्धी यो नीतिले सिङ्गै भियतनामको अर्थतन्त्रमा तरङ्ग ल्यायो । किसानमा उत्साह ल्यायो र उत्पादकत्व व्यापक वृद्धि हुन थाल्यो । कृषिमा उत्पादकत्व बढेपछि गैरकृषि क्षेत्रमा पनि उत्पादकत्व वृद्धि तीव्र हुन थाल्यो ।



१९८६ बाट २००८ सम्म वार्षिक आर्थिक वृद्धिदर सालाखाला ७ प्रतिशत भन्दा माथि रहेको छ । दोइमोइ कार्यक्रमपछिको विकास सूचकाङ्क यसप्रकार छ ।

| | १९८६ मा | २००८ मा |
|---|---|---|
| धान उत्पादन | **१७.५ मिलियन टन** | **३८.६ मिलियन** |
| प्रतिव्यक्ति आय | १८० अमेरिकी डलर | १०२७ डल |

**कुल गार्हस्थ्य उत्पादनमा योगदान**

| | | |
|---|---|---|
| उद्योग निर्माणको योगदान | ८ प्रतिशत | ३९.९१ प्रतिशत |
| कृषि क्षेत्रको योगदान | ४३ प्रतिशत | २१.९९ प्रतिशत |
| गरिबीको रेखामुनिको जनसङ्ख्या | ७५ प्रतिशत | १३ प्रतिशत |
| सरदर आयु | ६२ वर्ष | ७३ वर्ष |
| साक्षरता | ९५ प्रतिशत | |
| विद्युतीकरण भएको गाउँ | ३० प्रतिशत | ९४ प्रतिशत |

**स्वामित्वका आधारमा कुल गार्हस्थ्य उत्पादन प्रतिशत**

| | १९९० | २००५ |
|---|---|---|
| राज्य क्षेत्रको | ३१.०७ प्रतिशत | ३८.४ प्रतिशत |
| गैरराज्य (घरेलु) | ६३ प्रतिशत | ४५.०७ प्रतिशत |
| सहकारी क्षेत्र | | ६.८ प्रतिशत |
| परिवार क्षेत्र | | ३० प्रतिशत |
| निजी क्षेत्र | | ८.९ प्रतिशत |
| विदेशी लगानी | ५.३ प्रतिशत | १५.९ |
| हेल्थ केयर सेन्टर | ९९ गाउँमा | |
| टेलिफोन | | |
| ग्रामीण सडक | | |

अन्तर्राष्ट्रिय मापदण्डअनुसार गरिबीको रेखामुनि रहेका जनताको प्रतिशत घट्ने क्रम यसप्रकार छ :

| | | |
|---|---|---|
| १९८६ मा | गरिबीको रेखामुनि | ७५ प्रतिशत |
| १९९३ मा | गरिबीको रेखामुनि | ५८.१ प्रतिशत |
| १९९८ मा | गरिबीको रेखामुनि | ३७.४ प्रतिशत |
| २००२ मा | गरिबीको रेखामुनि | २८.९ प्रतिशत |
| २००४ मा | गरिबीको रेखामुनि | २४.१ प्रतिशत |
| २००८ मा | गरिबीको रेखामुनि | १३.१ प्रतिशत |





यसरी विकासको गति तीव्र हुनुको प्रमुख कारण खेती गर्ने किसानमा स्वामित्व स्थापित गर्दै लानु प्रमुख हो। सँगसँगै कृषि विकासका पूर्वाधार सिंचाइ, सडक, विद्युत्, बजार शीतभण्डारलगायत्को विकासमा राज्यको भूमिका सशक्त र प्रभावकारी हुनु महत्वपूर्ण कारण हो ।

यसका साथै विकासको गति तीव्र पार्न अनुसन्धान र विकास सँगै लानु, शिक्षा र तालिमलाई व्यावहारिक ढङ्गले व्यापक मात्रामा सञ्चालन गर्नु, विज्ञान र प्रविधिको अधिकतम प्रयोग, मानव संसाधन विकासलाई मुख्य क्षेत्रका रुपमा राज्यले स्वीकार गर्नु जस्ता कारणले पनि राम्रो काम गरे। सँगै विदेशी लगानीलाई सरल ढङ्गले उत्साहित गराउन सफल भयो। विकासको गति अघि बढाउन, ४ पाङ्ग्रे अर्को नीति प्रभावकारीरुपमा अघि बढायो। राज्य, निजी क्षेत्र, सहकारी र विदेशी लगानी ४ वटै क्षेत्रलाई राज्यले उत्साहसाथ लाग्ने वातावरण बनायो। यसैअनुसार नीतिगत, कानुनी र व्यावहारिकरुपमै सबैलाई उत्साहित गर्‍यो ।

बजार अर्थतन्त्रको नाममा सम्पूर्ण अर्थतन्त्रको ताला-साँचो निजी कम्पनीलाई सुम्पनु पनि हुँदैन, आवश्यक स्रोत जुटाउन निजी र विदेशी लगानी स्वीकार्नुपर्छ भन्ने भियतनामी नीति सफल देखिएको छ। पुँजी कम भएको देशले उत्पादकत्व विकासमा गति ल्याउनका लागि आवश्यक पुँजी जुटाउन विदेशी लगानी भित्र्याउन भियतनाम सफल देखिन्छ। लगानीकर्ताहरु पनि भियतनाममा लगानी गर्न उत्साहित भएको देखिन्छ। २००८ सम्ममा भियतनाममा ६४ अर्ब डलर लगानी भएको छ भने प्रत्यक्ष विदेशी लगानी ११५ अर्ब डलर पुगेको छ। यसले भियतनाम कम्युनिष्ट पार्टीको नीतिप्रति लगानीकर्ता विदेशी कम्पनी विश्वस्त भएको सहजै अनुमान गर्न सकिन्छ ।

आर्थिकरुपले समृद्ध र स्वाधीन नभइकन राजनीतिक स्वतन्त्रता दिगो हुँदैन भन्ने बुझेर नै राज्यको जनताप्रतिको दायित्व पूरा गर्न राष्ट्रिय अर्थतन्त्र सबल बनाउन ठोस अठोट र योजना निर्माण, राष्ट्रिय

स्वाधीनता र सार्वभौमिकतालाई सबल बनाउने आँट र उद्देश्य प्रत्येक भियतनामी अधिकारीमा पाइन्छ। विदेशी लगानी खुला गर्ने कुराले पुँजीसँगै विकृति र विसंगतिहरु पानीमा फोहोर मिसिएर आए जसरी आउने गर्छन्, त्यसमा सतर्क हुँदै अघि बढ्ने अठोट भएकाले दोइमोइको यो क्रम सफलताको सिँडी चढ्दै गरेको देखिन्छ।

## दोइमोइ कार्यक्रमको विकास लक्ष्य र प्रगति

भियतनाम सरकारले १९८६ पछि लागू गरेको दोइमोइ कार्यक्रमको विकास लक्ष्य यसप्रकार थियो-

- २००१ देखि २०१० सम्म विकास दर ७ प्रतिशतभन्दा माथि राख्ने
- जनसङ्ख्या वृद्धि दर १.२३ प्रतिशत कायम राख्ने
- सालाखाला आयु ७० वर्ष पुऱ्याउने
- गाउँगाउँमा पूर्वाधार पुऱ्याउने
- बालबालिकाकहरुको कुपोषण २० प्रतिशतभन्दा कममा झार्ने
- गरिबीको रेखामुनिका जनता ७५ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने
- हेल्थ केयर सेन्टर गाउँगाउँमा पुऱ्याउने
- टेलिफोन गाउँगाउँमा पुऱ्याउने
- प्रावि जुनियर सेकेन्डरी स्कुल गाउँगाउँमा पुऱ्याउने
- प्रौढ साक्षरता कम्तीमा ९५ प्रतिशत पुऱ्याउने
- ग्रामीण सडक, विद्युत् सबै गाउँमा पुऱ्याउने

उक्त लक्ष्य प्रायः सबै २००८ मा नै पूरा भएको छ। संयुक्त राष्ट्र सङ्घले सन् २०१५ सम्ममा पूरा गर्नुपर्ने भनी दिएको समयसीमा सन् २००० मा नै पूरा गरी २००८ सम्म आइपुग्दा भियतनामले आफूलाई निकै माथि उठाएको छ।

१९८६ पछि करिब करिब समाजवादउन्मुख खुला अर्थतन्त्र अपनाएर भियतनामले विकासको गति तीव्र बनाएको छ। खासगरी भूमिमा सम्पूर्ण कृषकमा स्वामित्व स्थापित गरेपछि कृषि र गैरकृषि दुवै क्षेत्रमा उत्साह बढ्यो। उत्साहले उत्पादकत्व बढ्यो। सामाजिक न्याय र उत्पादकत्व वृद्धि सँगैसँगै लागू हुनुको महत्व समग्र अर्थतन्त्रको विकास सूचकाङ्कमा देखिन थाल्यो। तर विकास एक्लै आएन, विकाससँगै त्यसले केही विकृति पनि लिएर आयो।





बेरोजगारी भ्रष्टाचार, बेश्यावृत्ति, महिला बेचबिखन, लागू औषध कारोबार, एचआईभी/एड्स, धनी र गरीबबीचको अन्तर, गाउँ-सहरबीचको विभेद बढ्दै गयो। यी खराबी र कमजोरीलाई न्युन गर्नु र विकास दर तीव्र पार्नु चुनौतीको रुपमा रहेको छ। यति भएर पनि विकास दरले ल्याएको उपलब्धिका तुलनामा उक्त समस्या काबुबाहिर गएका छैनन्। नियन्त्रणभित्रै छ। देशले हासिल गरेको ज्ञान र सीपलाई विवेकयुक्त ढङ्गले सञ्चालन गरेर खराबीलाई नियन्त्रण गर्न र राम्रा कार्यलाई तीव्र पार्न सफलताको सिँढी चढ्न भियतनाम सफल हुने अनेक आधार छन्।

## सन् २०२० सम्मको लक्ष्य

भियतनाम कम्युनिष्ट पार्टीको दशौं महाधिवेशन २००८ को अप्रिल महिनामा सम्पन्न भयो। यसले विगतका कामको समीक्षा गऱ्यो। प्राप्त उपलब्धिको विकास र विस्तार गर्ने, कमी-कमजोरी हटाउन भगिरथ प्रयत्न गर्ने अठोटका साथ अघि बढ्ने लक्ष्य निर्धारण गरेको छ। आगामी समय सन् २०२० सम्म गर्ने कामको लक्ष्य किटान गरेको छ। किटान गरिएका लक्ष्यमध्ये महत्वपूर्ण बुँदा यसप्रकार छन् :

१. सन् २०१० को अन्तसम्ममा भियतनामले विकासशील अवस्था पार गर्ने,
२. २०२० सम्ममा आधुनिक औद्योगिक देशमा प्रवेश गर्ने,
३. राष्ट्रिय बजेटको सबैभन्दा ठूलो हिस्सा शिक्षा र स्वास्थ्यमा लगाउने।
४. राजनीतिमा पैसाको प्रभाव पर्न नदिनु र जनप्रजातन्त्र सम्पूर्णरुपले जनतामा केन्द्रित गराउने। सम्पूर्ण राजनीतिक सोचाइ समाजवादउन्मुख बनाउने। सामाजिक चेतना बहुसङ्ख्यक श्रमजीवी जनताप्रति समर्पित र प्रोत्साहित गराउने।

## भियतनाममा प्रतिनिधिमूलक गतिविधि

भियातनाममा ३९५ जनाको संसद छ। प्रत्येक ५ वर्षमा १८ वर्ष उमेर पुगेका भियतनामीले मतदानद्वारा प्रतिनिधि छनोट गर्छन्। भोट हाल्न अनिवार्य वा बाध्य पारिँदैन। सामान्यतया ९० प्रतिशत मतदाताले मत हाल्छन्। भियतनाममा विभिन्नखाले जनसङ्गठन तथा पेशागत सङ्गठन केन्द्रीय तहमा ३ सयभन्दा बढी छन्। स्थानीय तहमा पनि

हजारौं सङ्घ/सङ्गठन छन् । राष्ट्रिय र स्थानीय तहमा गरी ७ सय समाचारपत्र प्रकाशित हुन्छन् ।

भियतनामको जनप्रतिनिधिसभामा २७.३ प्रतिशत महिला छन् । भियतनामको कुल जनसंख्याको १७ प्रतिशत आदिवासी छन् । भियतनामको संसारको १ सय ८० देशसँग दौत्य सम्बन्ध । त्यसैगरी भियतनाम संयुक्त राष्ट्र सङ्घको महत्वपूर्ण सदस्यका रुपमा छ र क्षेत्रीय सङ्गठनहरुमा पनि आबद्ध छ ।

## धार्मिक स्थिति

भियतनाममा धार्मिक स्वतन्त्रता र सहिष्णुता छ । त्यसैगरी बुद्धिष्ट १ करोड ३० लाख छन् भने क्याथोलिक ५७ लाख, प्रोटेस्टेन्ट १५ लाख छन् र काओडाई मान्ने ३३ लाख छन् । त्यस्तै हो हाओ धर्म मान्ने २० लाख, मुस्लिम ७० हजार छन् । कुनै पनि धर्म नमान्ने पनि छन् । नागरिकलाई कुनै पनि धर्म मान्ने/नमान्ने स्वतन्त्रता छ ।

## भियतनाममा भूमिसुधार

भियतनाम कृषिप्रधान देश हो । त्यहाँ धान, रबर, फलफूल, माछा, मकै, उखु, तरकारीलगायत् मुख्य उत्पादन हुन्छ । देशको कुल भूभागको २२ प्रतिशत कृषि भूमि छ । कुल श्रमशक्तिको ६५ प्रतिशत कृषिमा छन् । भियतनाममा १ करोड २० लाख हेक्टर कृषियोग्य भूमिमा खेती गरिएको छ ।

धान खेत मात्रै ४० लाख हेक्टर छ भने दक्षिणको मेकङ नदी बेसीमा ३० लाख हेक्टर छ । उत्तरको रातो नदी बेसीमा ८ लाख हेक्टर छ अन्यत्र सबैतिर जोड्दा २ लाख हेक्टर छ त्यसैगरी माछापालनमा प्रयोग भएको १० लाख हेक्टर । फलफूल खेतीमा ७ लाख हेक्टर उखु, मकै रबर, तरकारीलगायत् अन्य उत्पादनमा प्रयोग भएको ६० लाख हेक्टर ।

त्यस्तै भियतनामभर १ करोड २० लाख घर छन्, त्यसमा र अन्य सार्वजनिक प्रयोगमा आएको पनि जमिन छ । भियतनामभर १ करोड





२० लाख हेक्टर जङ्गल छ । क्रान्तिअघि अधिकांश जमिन सामन्त, जमिनदार र पुँजीपति तथा नोकरशाहीको अधीनमा थियो ।

१९५४ पछि उत्तर भियतनाम र १९७५ पछि दक्षिण भियतनाममा पनि सम्पूर्ण जमिन जमिनदारबाट विनामुआब्जा जफत गरेर भूमिहीन किसान तथा आमकिसानमा वितरण गर्नेगरी भूमिसुधार गरियो । यसरी जफत गरिएको सम्पूर्ण जमिन राज्यद्वारा नियन्त्रित र निर्देशित समूहमार्फत् खेती गराइयो । यसलाई सहकारी खेती भनियो ।

सम्पूर्ण कृषि भूमि राज्य नियन्त्रित 'सहकारी' मार्फत् खेती गराउन थालेपछि व्यापक उत्पादन बढ्ला भन्ने भियतनामी अधिकारीहरुको आशा पूरा भएन । उत्पादकत्व घट्दै-घट्दै २०७ टन प्रतिहेक्टर सालखालामा झ‍र्‍यो ।

१९८८ तिर मुस्किलले १ करोड ९० लाख टनमात्र उत्पादन हुन थाल्यो । यो उत्पादन भियतनामी जनतालाई बिहान-बेलुकी खान पनि नपुगेर आयात गर्नुपर्ने भयो । यो उत्पादकत्व घट्नुको कारण के हो ? के गरेमा प्रतिइकाई उत्पादकत्व बढाउन सकिएला ? के गरेमा सामाजिक न्याय पनि हुने, उत्पादकत्व पनि बढ्ने स्थिति सिर्जना गर्न सकिएला ? जस्ता प्रश्नमाथि व्यापक खोज/अनुसन्धान हुन थाल्यो ।

भियतनामको भूमि नीति सम्बन्धमा मात्रै २५८ वटा अनुसन्धान अभिलेख प्रकाशित भएका छन् । यो सबै अनुसन्धानपछि १९८९ मा भियतनाम कम्युनिष्ट पार्टीको पोलिटब्युरोको बैठकले ऐन कानुन संशोधन गरी खेती गर्ने किसानलाई नै जमिन दिने निर्णयले मात्र उत्पादकत्व बढ्छ भन्ने अनुसन्धानले देखाएको महसुस गर्‍यो । इन्स्टिच्युट अफ पोलिसी एन्ड स्ट्राटेजीमा एग्रिकल्चर एन्ड रुरल डेभलपमेन्टका महानिर्देशन डोङ नेक थाई भन्छन्- 'वास्तवमा उत्पादक शक्ति उत्साहित र प्रोत्साहित नभइ उत्पादकत्व बढ्दो रहेनछ ।' यो महसुस भएपछि भियतनामी सरकारले जमिन लिजमा दिने निर्णय गर्न थाल्यो । त्यसपछि त्यही नीतिअनुरुप १९९३ मा भूमिसम्बन्धी नयाँ ऐन पारित गर्‍यो । भूमि ऐन १९९३ ले भन्छ- सम्पूर्ण जमिन भियतनामी जनताको हो भन्ने सिद्धान्तको आधारमा बनेको भूमि ऐनले भूमि हस्तान्तरण गर्न, सट्टापट्टा गर्न, लिजमा दिन,

वंशगत हस्तान्तरण गर्न र निश्चित स्थानमा निश्चित जमिन निश्चित समयका लागि लिजमा लिन/दिन पाइने व्यवस्था भयो ।

यसरी किसानलाई लिजमा जमिन दिँदा एक परिवार (सालाखाला ५ जना) का लागि उत्तर र मध्य भियतनाममा २ हेक्टर प्रतिपरिवार र दक्षिणमा प्रतिपरिवार ३ हेक्टर धानखेत लिजमा लिन पाइने व्यवस्था भयो ।

यसैगरी फलफूल खेतीका लागि प्रतिपरिवार बढीमा १० हेक्टरसम्म ५० वर्षका लागि, धान खेतिका लागि उत्तरमा २ हेक्टर र दक्षिणमा ३ हेक्टर बढीमा २० वर्षका लागि लिजमा दिने व्यवस्था गर्‍यो । वनको हकमा प्रतिपरिवार बढीमा ३० हेक्टर बढीमा ७० वर्षका लागि लिजमा दिन सकिने ऐन पारित भयो ।

भियतनाममा जनसङ्ख्याको तुलनामा जमिन निकै कम भएकाले लिजमा दिने जमिन सीमित मात्रै दिनसक्ने अवस्था छ। अनुसन्धानले पनि देखाएको छ, उत्तरमा प्रतिपरिवार ०.२३ हेक्टर मात्रै जमिन छ भने दक्षिणतर्फ प्रतिपरिवार करिब १ हेक्टर पर्न आउँछ। यसकारण पनि जमिन लिजमा दिँदा पनि सीमाङ्कन जरुरी महसुस गर्‍यो। फेरि भियतनामको उत्पादकत्वको अनुसन्धानले पनि थोरै जमिन हुने किसानको उत्पादकत्व ठूलो कित्ता जमिन हुनेको भन्दा बढी देखिएको छ। यसकारण पनि जमिनको सीमा सीमित राख्न जरुरी छ।

भियतनामले धान खेतलाई अति महत्व दिँदै तोकिएको धानखेतमा अरु बाली लगाउन नपाउने कडा व्यवस्था पनि गरेको छ। खासगरी १९९८, २००० र २००१ मा परिमार्जन भएको भूमि ऐनले धान खेतलाई अन्य प्रयोजनका लागि प्रयोग गर्न नपाउने कडा व्यवस्था गरेको छ। यही नीतिका आधारमा अहिलेसम्म करोड हेक्टरभन्दा बढी खेतीयोग्य जमिन खेती गर्ने किसानमा वितरण गरिसकेको छ। भियतनाममा अहिले खेतीपातीमा लागेका प्रायः सबै किसानले आफ्नै नाममा जमिन पाएका छन्। यसपछि उत्पादकत्वमा व्यापक वृद्धि भएको छ। राज्य नियन्त्रित सामूहिक खेती गर्दाको अवस्थामा १ करोड ९० लाख टन उत्पादन भएकोमा लिजमा भए पनि किसानमा स्वामित्व हस्तान्तरण गरेपछि ३ करोड ६० लाख टन उत्पादन हुन थाल्यो।





उत्पादकत्व वृद्धिका लागि उत्पादक शक्तिको मनोविज्ञान नबुझी चालिएको पुरानो कदम गलत सावित भयो ।

## उत्पादकत्वमा व्यापक वृद्धिको कारण के हो त ?

प्रत्येक किसानमा भूमिको पहुँच पुगेकाले भूमिहीन किसान भन्ने रहेनन्, यसकारण उत्पादकत्व बढ्यो। सहकारी सङ्घ/संस्थामार्फत् कृषि विकासका लागि आवश्यक वस्तुको पहुँच भयो । सरकारले कृषि विकासका लागि आवश्यक पर्ने पूर्वाधार, सिंचाइ, कृषिसडक, बजार बिउ, शीत भण्डार, प्रविधिलगायत्का साधन स्रोतको व्यवस्था गर्‍यो । उचित मूल्यको ग्यारेन्टी भएकाले र समग्रमा उत्पादक शक्ति उत्साहित भएकाले उत्पादकत्वमा व्यापक वृद्धि भएको हो ।

## भियतनाममा भूमिको वर्गीकरण

**(क) धानखेतका रुपमा मात्र प्रयोग जमिन**

- मकै, भटमास, उखु, चिया, कफी उत्पादन गर्ने जमिन
- फलफूल खेतीका लागि प्रयोग हुने जमिन
- सामुदायिक वन र पशुपालन व्यवसायका लागि घाँस उत्पादन गर्ने जमिन,
- माछापालनका लागि प्रयोग गर्ने जमिन
- नून उत्पादन गर्ने जमिन
- वृक्षरोपण गरी कास्ट उत्पादन गर्ने जमिन
- रबर उत्पादनमा वृक्षरोपण गर्ने जमिन

**(ख) गैरकृषि तथा गैरवनस्पति क्षेत्रमा प्रयोग हुने जमिन**

- आवास क्षेत्रका लागि प्रयोग हुने जमिन
- राज्यका विभिन्न क्षेत्रका कर्मचारी आवासका लागि प्रयोग हुने जमिन
- सेना, प्रहरी र प्रतिरक्षाका लागि आवश्यक जमिन
- औद्योगिक तथा व्यापारिक क्षेत्रका लागि प्रयोग हुने जमिन
- स्कुल, कलेज, अस्पताल, खेल मैदान, पार्क, बाटिका, पिकनिक स्पटमा प्रयोग हुने जमिन,

- धार्मिक मठमन्दिर, गुम्बा, मस्जिद, गिर्जाघरलगायत्मा प्रयोग हुने जमिन
- अन्तिम संस्कार र समाधिका लागि प्रयोग हुने जमिन ।

(ग) **भूमि उपभोगकर्ताको अधिकार**

भियतनामको भूमिसम्बन्धी ऐन १९९३, १९९८, २०००, २००१, २००४ का विभिन्न ऐन र संशोधित ऐनले भूमि उपयोगकर्ता व्यक्ति वा संस्थाका लागि अधिकार र कर्तव्यबारे प्रष्टरुपमा उल्लेख गरेको छ । यसमा उल्लेख भएका अधिकार यसप्रकार छन्-

- भूमि प्रयोगकर्ता किसान वा अन्य प्रयोजनका लागि प्रयोगकर्ताको कानुनी हक रक्षा गर्नु राज्यको दायित्व हुनेछ ।
- आफूले प्रयोग गर्न अधिकार प्राप्त जमिन विनिमय गर्न पाउनेछन् ।
- कसैलाई उपयोगका लागि सिफारिश गर्न, भाडामा लगाउन, सब लिजमा दिन पाउनेछन्,
- सरकारले पुनः सो जमिन प्राप्त गर्न चाहेमा प्रयोगकर्ता किसान वा अन्य प्रयोगकर्तालाई क्षतिपूर्ति दिनुपर्नेछ । यसका लागि कानुनी व्यवस्था छ ।
- लिजमा जमिन प्राप्त गर्नेले तोकिएको सर्तमा म्याद थप हुन सक्नेछ ।

(घ) **भूमि उपयोगकर्ताको कर्तव्य**

भियतनाममा जमिन उपयोगकर्ताका लागि तोकेको कर्तव्य पूरा गर्नु उसको दायित्व हुनेछ, कानुनबमोजिम कर्तव्य पालना नगरेमा दण्डको भागिदार हुनेछ ।

- तोकिएको सीमा र क्षेत्रफलभित्र मात्र भोगचलन गर्न पाउने
- जमिनको सुरक्षा गर्नुपर्ने,
- जमिनको उर्वरा शक्तिको रक्षा गर्नुपर्ने वा अन्य प्रयोजनका जमिनको पनि सोहीअनुसार रक्षा गर्नुपर्ने ।





- वातावरणीय सन्तुलन कायम राख्न आवश्यक व्यवस्था गर्नुपर्ने
- सो जमिनमा कुनै बहुमूल्य खनिज वा पुरातात्विक महत्वका वस्तु फेला परेमा कानुनबमोजिम सम्बन्धित निकायमा जानकारी गराउनुपर्ने
- लिजको अवधि सकिएपछि सरकारलाई फिर्ता गर्ने वा कानुनबमोजिम म्याद थप गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसरी भूमि राज्यको हो, राज्यले भोगचलन गर्न दिएबापत निश्चित कर्तव्य पालना गर्नु नागरिक दायित्व हो भन्ने किटानी व्यवस्था भएकाले भू-उपयोग अनुशासनको विशेष व्यवस्था गरेको छ । 'मेरो जमिन म जेसुकै गरौं' भन्ने नेपाली मानसिकता भियतनाममा नियन्त्रण भएको पाइयो । कानुनमा भूमि निरीक्षकको व्यवस्था गरेर कानुनबमोजिम प्रयोग भए/नभएको हेर्ने र आवश्यक कारबाही गर्ने व्यवस्था प्राकृतिक स्रोत तथा वातावरण मन्त्रालयले गर्ने गर्दछ ।



भियतनाममा भूमिसुधार तथा भूमिसम्बन्धी सम्पूर्ण विषय प्राकृतिक स्रोत तथा वातावरण मन्त्रालयले हेर्ने गरेको छ । सँगसँगै यसको विकास प्रक्रियालाई अघि बढाउन, कृषि तथा ग्रामीण विकास विभागले

बढी भूमिका निभाउने व्यवस्था छ। यसरी १९५४ अघि सिङ्गै भियतनाममा, १९५४ पछि दक्षिण भियतनाममा रहेको सामन्ती भूस्वामित्वलाई १९७५ पछि पूरै भियतनामबाट उन्मूलन गर्न उनीहरु सफल भए। राज्य नियन्त्रित, सामूहिक कृषि उत्पादन प्रणालीले सामाजिक न्यायमा योगदान गरे पनि उत्पादकत्व वृद्धिमा यसले योगदान गर्न सकेन भन्ने निष्कर्ष निस्क्यो र १९८६ पछिको दोइमोइ कार्यक्रमले उत्पादक शक्तिलाई भूमि उपलब्ध गराउने तर राज्य नियन्त्रित सामूहिक उत्पादन प्रणालीको स्थानमा व्यक्तिगतरुपमा उत्पादन भण्डारण बिक्री वितरण गर्न पाउने गरी जमिन लिजमा दिएपछि नै उत्पादकत्व निकै वृद्धि भयो। सामाजिक न्याय हुने तर उत्पादकत्व वृद्धि नहुने अनि गरिबी, भोकमरी र अभावको समानताबाट मुक्ति पाए।

सामाजिक न्यायसँगै उत्पादकत्व वृद्धिका लागि उत्पादक शक्ति उत्साहित, प्रोत्साहित र आत्मविश्वासका साथ काम गर्ने वातावरण सिर्जना भयो। भियतनामको भूमिसुधार कार्यक्रमको उक्त ३ प्रकारको अनुभवबाट संसारका धेरै देशले सिक्न सक्ने हामीले अनुभव गर्यौं। प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमिका क्षेत्रमा सामाजिक न्याय र उत्पादकत्व वृद्धि भएमात्रै गैरकृषि क्षेत्रको विकासमा गति आउने यहाँबाट प्रमाणित भएको छ।

## भियतनाममा सहकारी

भियतनाममा १९३८ तिरबाट नै सहकारी आन्दोलन सुरु भएको थियो। सुरुका दिनमा भियतनामको सहकारी आन्दोलन पनि अन्तर्राष्ट्रिय सहकारी महासङ्घकै नीतिभित्र रहेर अघि बढेको थियो। १९५४ पछि उत्तर भियतनाममा र १९७५ पछि दक्षिण भियतनामसमेत सम्पूर्ण भियतनाममा राज्य नियन्त्रित निर्देशित सामूहिक प्रकारको 'सहकारी' सञ्चालन गर्न थालियो। यसले अन्तर्राष्ट्रिय मूल्य, मान्यताअनुरुपको सहकारीका ७ सिद्धान्तलगायत् नीति अवलम्बन गरेको थिएन। यसरी सहकारी सञ्चालन गर्दा मान्यता प्राप्त सिद्धान्तलाई बेवास्ता गरियो। जसले गर्दा सहकारी ठीक ढङ्गले पनि चलेन। त्यसले आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रको समुचित विकास पनि हुन सकेन।





१९८६ पछि दोइमोइ कार्यक्रम सञ्चालन भयो। अनि क्रमशः सुधार कार्यक्रम अघि बढाउन थालियो। यसपछि सहकारी क्षेत्रमा पनि वास्तविक सहकारी सिद्धान्तभित्र रहेर काम गर्ने क्रम पुनः शुरुआत भयो। समग्र अर्थतन्त्रमा सुधारसँगै सहकारी क्षेत्रमा पनि तीव्र गतिले सुधार हुन थाल्यो।

सहकारीका आधारभूत सिद्धान्तअनुरुप संस्था दर्ता हुन थालेपछि सहकारीले समुदायलाई आकर्षित गर्न थाल्यो। भियतनामको समुदायको विकासमा, गरिबी निवारण गर्न, रोजगार सिर्जना गर्न, ग्रामीण तथा सहरी क्षेत्रको विकास तीव्र पार्न, वातावरण संरक्षण गर्न, पारस्परिक एकता र मेलमिलाप सिर्जना गर्न, छरिएको पुँजी श्रम र सिपलाई संयोजन गर्न, सक्रिय बनाउन सहकारीले ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गर्यो। अहिले भियतनाम अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सदस्य पनि भइसकेको छ। यसरी स्वतन्त्ररुपले सहकारी संस्थाहरु गठन र परिचालन हुने क्रम तीव्ररुपले बढ्दै गएको छ। यसरी भियतनाममा सहकारी संस्था तथा अन्य सङ्घ/संस्थामा गुणात्मक र परिमाणात्मकरुपले तीव्र विकास भइरहेको छ।

अहिले हरेक वर्ष लगभग १००० को हाराहारीमा नयाँ सहकारी संस्था दर्ता भइरहेका छन्। फेब्रुअरी २००९ को तथ्याङ्क हेर्दा हालसम्म १८१८० सहकारी संस्था तथा सङ्घ दर्ता भएर क्रियाशील भइसकेका छन्। यसरी दर्ता भएका सहकारी यसप्रकार छन् :

| | |
|---|---|
| १. कृषि सहकारी | ८६२२ |
| २. साना तथा मझौला उद्योग सहकारी | |
| - हस्तकला सहकारी | |
| - निर्माण व्यवसाय सहकारी | २९९६ |
| ३. यातायात व्यवसाय सहकारी | १०८६ |
| ४. मत्स्यपालन तथा विकास सहकारी | ४७८ |
| ५. व्यापार तथा सेवा सहकारी | ८६९ |
| ६. बचत तथा ऋण सहकारी | १०२२ |
| ७. विद्युत् सेवा सहकारी | २७४३ |
| ८. वातावरण सहकारी | ११२ |
| ९. अन्य विविध सहकारी | १८४ |

यी सहकारी संस्थामा १ करोड २५ लाख भियतनामी आबद्ध छन्। जसमा महिला ६४ प्रतिशत छन्। उक्त सहकारी संस्था तथा सङ्घबाहेक ३ लाख २० हजार समूह छन्। यी समूह पनि विभिन्न सहकारीका उपसमूहका रुपमा सक्रिय छन्। भियतनाम सहकारी आन्दोलनका अगुवा लि च्युयान टाप भन्छन्- 'भियतनामको विकासमा तीव्रता आउनुमा सहकारी सदस्य, स ङ्घ/संस्था र सिङ्गै सहकारी आन्दोलनको महत्वपूर्ण भूमिका छ।

## भियतनामले सतर्कता अपनाउनुपर्ने विषय

भियतनामले १९८६ पछि आर्थिक सुधार कार्यक्रम ल्यायो। यो कार्यक्रमपछि सालाखाला ७.५ प्रतिशत आर्थिक विकासदर बढ्यो। यो वृद्धिदर एसियामा चीनपछिको दोस्रो हो।

भियतनाममा अहिले मुद्रास्फीति निकै बढेको छ। करिब २५ प्रतिशत मुद्रास्फीतिले सर्वसाधारण बचतकर्ता र उपभोक्तामा मार परेको छ। यसको मुख्य कारण भियतनामले भारत र चीनलगायत्का देशले दिएको सुविधाभन्दा बढी विदेशी लगानीकर्तालाई दिएको छ। प्रत्यक्ष वैदेशिक लगानीमार्फत् नै ११५ अर्ब डलरभन्दा बढी भियतनाममा लगानी भएको छ। यो लगानी स्टक मार्केटमा बढी भएको र रियलस्टेट व्यापारमा पनि ठूलो मात्रामा छ। यस्तो लगानी फिर्ता लाने क्रम अस्वाभाविक भएमा मौद्रिक सङ्कट आउन सक्छ। यसमा भियतनाम सतर्क हुनैपर्छ।

आर्थिक विकासको तथ्याङ्क हेरेर हर्ष प्रकट गर्ने तर वित्तीय र मौद्रिक नीति ठीक भएन भने दुर्घटना पनि बेहोर्नुपर्ने हुन्छ, भियतनामले यसमा पनि सतर्क हुनैपर्छ। विभिन्न विकास कार्यमा लगानी गर्ने, बैंकको ऋण स्थितिबारे नियमित अनुगमन गर्ने र वित्तीय नियमविपरीत र गलत ढङ्गले गलत कार्यमा लगानी बढ्दै जाने र हुने स्थिति आउन नदिन पनि सतर्क हुनुपर्ने देखिएको छ।

वैदेशिक लगानी, मूल्य अभिवृद्धि हुने, आयात प्रतिस्थापन हुने, निर्यात बढाउने, रोजगारी सिर्जना गर्ने, भुक्तान सन्तुलनमा मद्दत पुऱ्याउनेखाले उद्योगमा वैदेशिक लगानी भएको छ भने त्यसले अर्थतन्त्रमा सकारात्मक परिणाम ल्याउन बल पुऱ्याउँछ। यसो गर्न समग्र अर्थतन्त्र ठीक दिशातिर बढ्न बल पुऱ्याउँछ तर भियतनाममा प्रत्यक्ष वैदेशिक





लगानी ११५ अर्ब डलर र अन्य वैदेशिक लगानी त्यसको आधाआधी भएकाले भोलि खतरा हुन सक्छ। स्टक मार्केटको लगानी र घरजग्गा कारोबारमा भएको लगानी उत्पादनशील नहुने हुँदा बढी सतर्क हुनुपर्ने देखिन्छ।

स्टक मार्केट र रियलस्टेटमा भएको वैदेशिक लगानी सजिलैसँग फिर्ता लान सक्ने हुँदा अर्थतन्त्रमा अलिकति नकारात्मक सङ्केत देखिनेबित्तिकै चलाख लगानीकर्ताले लगानी फिर्ता लान्छन् र देशमा वित्तीय सङ्कट उत्पन्न हुन सक्छ, यसतर्फ बढी सतर्क हुन जरुरी छ। सतर्कतामा अलिकति हेलचेक्र्याइँ भयो भने जसरी भियतनाममा लगानीकर्ता ह्वारह्वार्ती आएका छन्, त्यसैगरी ग्वारग्वार्ती जान सक्छन्। यो अति महत्वपूर्ण पक्ष हो। अर्थतन्त्रको तीव्र विकासका ३ मुख्य चालक शक्ति हुन्छन्- लगानी, उपभोग र निर्यात। यसको सन्तुलन भएन भने विकासले विनास पनि ल्याउँछ। उत्पादन भयो, जनताको उपभोग क्षमतामा ह्रास भयो, निर्यात पनि हुन सकेन भने गम्भीर खतरा पैदा हुन्छ। यसबारे भियतनाम सचेत हुनुपर्ने देखिन्छ।

## संक्षेपमा भन्नुपर्दा

भियतनाम संसारका विकासशील र विकासोन्मुख देशलाई धेरै विषयमा अनुभव दिनसक्ने महत्वपूर्ण पुस्तक जस्तै छ। भियतनाम राष्ट्रिय अखण्डता, राष्ट्रिय स्वाभिमान सबल नभइकन शान्ति, समाजवाद र विकास हुन सक्दैन भन्ने अभ्यासको खुला किताब हो।

उत्पादक शक्ति, उत्पादनका साधन, उत्पादन औजार, उत्पादनका लागि आवश्यक पर्ने पूर्वाधारको गतिशीलतासहितको विकासविना समाजवादी बाटोको प्रारम्भ गर्न पनि सकिने रहेनछ भन्ने अनुभव हासिल गरेको देश हो।

उत्पादनका साधनमा सामूहिकीकरणले मात्रै समाजवादी आधार बन्दो रहेनछ भन्ने अनुभव भियतनामले सङ्गालेको छ।

विकासको गति अघि बढाउन वैदेशिक सहयोग र सम्बन्ध अस्वीकार गर्ने वा विदेशीसँग आश्रित हुने दुवै तरिका गलत हो भन्ने भियतनामको निष्कर्ष छ।

राष्ट्रको आय र जनताको समाजवादी लक्ष्य हासिल गर्न मद्दत पुग्ने गरी संसारका सबै देशसँग अनुभव आदान-प्रदान र सहयोग लिएर नै विकासको गति तीव्र पार्न सकिने रहेछ भन्ने भियतनामी अनुभव छ ।

देशको उत्पादकत्व विकासमा, पूर्वाधार विकासमा, उत्पादकत्व शक्तिको उत्साहपूर्ण सहभागिताको वातावरण सिर्जना गर्नु राज्यको दायित्व हो । प्रत्येक विषय र क्षेत्रको विकासको प्रतिफलका उपभोगकर्ता हामी नै हौं भन्ने भावना जनतामा जगाउन सक्ने नीतिगत कानुनी र व्यावहारिकता नै विकासको जग हो ।

सामन्ती भूस्वामित्वको अन्त्य गर्न र सबैखाले सामन्ती आधार अन्त गरेर कृषि तथा गैरकृषि क्षेत्रको अर्थतन्त्रमा गरेका पुनर्गठन अत्यन्त सकारात्मक छ । सबै क्षेत्रको विकासको जग कृषि र ग्रामीण विकास भएकाले त्यस क्षेत्रका उत्पादक शक्ति किसानमा जमिनको स्वामित्व पुऱ्याउनु, उत्पादनका पूर्वाधार र आवश्यक उपकरण पुऱ्याउनु, भौतिक पूर्वाधारको पहुँच पुऱ्याउन सफल हुनु नै भियतनामी अर्थतन्त्रको विकासको गति तीव्र हुनुको मुख्य कारण हो भन्ने कुरा भियतनामले प्रमाणित गरेको छ ।

उत्पादक शक्तिलाई स्वतन्त्र, उत्साहित र आशावादी हुने वातावरण सिर्जना गरेर नै सामाजिक न्याय र उत्पादकत्व वृद्धिमा तीव्रता ल्याउन सकिन्छ भन्ने प्रमाणित गरेको छ ।

अर्थतन्त्र विकासमा ४ पाङ्ग्रे नीति अर्थात् राज्य, निजी क्षेत्र, सहकारी र वैदेशिक लगानी सबै क्षेत्रलाई महत्व दिएको हुनाले नै गत २ दशकभरि नै ७.५ प्रतिशत विकासदर हासिल गर्न सफल भएको हो । यो सामाजिक न्यायसहितको विकास दर हो, उत्पादनमात्रै होइन ।

देशमा शान्ति, सुरक्षा र आर्थिक विकास एकअर्काका पुरक हुन्, त्यसका लागि देशमा शान्ति र अमनचयनका लागि राज्य र जनता दुवै प्रतिबद्ध भएकाले विकासदर तीव्र भएको हो ।

राजनीति र राजनीतिक शक्ति जनता र तिनका प्रतिनिधिमा राख्नुपर्दछ । जनप्रतिनिधिलाई स्थापित गर्नुपर्छ, राजनीतिलाई बजारमा छाड्नु हुँदैन भन्ने सतर्कता जनता र भियतनामी नीति निर्माताका सशक्तरुपले स्थापित मान्यता भएको पाइयो ।





सहकारीलाई अन्तर्राष्ट्रिय सहकारी महासङ्घको विश्वव्यापीरुपमा स्थापित सिद्धान्तअन्तर्गत नै विकास गर्नुपर्छ । राज्य नियन्त्रित र निर्देशित सहकारीले गति लिन सक्दैन । सहकारी गतिशीलताका लागि राज्यले पूर्वाधारमा सहयोग, नीतिगत कानुनी क्षेत्रमा सहयोग, शिक्षा, तालिममा सहयोग, सहकारी विकास कोष व्यवस्था गर्ने तर नियन्त्रित निर्देशित नगर्ने नीतिले प्रभावकारिता पाएको छ ।

भियतनाममा अनुसन्धान र विकासलाई अभिन्नरुपमा लिएको पाइयो । भूमिको क्षेत्रमा सामाजिक न्याय र उत्पादकत्व वृद्धिकै लागि मात्र धेरै अनुसन्धानात्मक दस्तावेज प्रकाशित भएको रहेछ । ती अनुसन्धानकै निचोडका आधारमा सामूहिक खेती प्रणालीको सट्टा लिजमा भूमि दिने र उत्पादनमा व्यक्तिहरुको प्रतिस्पर्धात्मक क्षमता बढाउने तथा भूमिहीनता कोही किसानले बेहोर्नु नपरोस् भनेर नै अहिलेसम्म १ करोड १० लाख हेक्टर जग्गा किसानलाई लिजमा वितरण गरिसकिएको छ । यसले उत्पादकत्व पनि बढ्यो । सामाजिक न्याय पनि भयो, उत्पादक शक्तिमा नयाँ जोश, जाँगर र उत्साह पनि थपियो ।

भियतनामको विकासको गतिमा तीव्रता आउने मुख्य कारण यिनै भएको विभिन्न तथ्यले पुष्टि गर्छन् ।

## नेपालमा भूमिसुधार

नेपालको प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमि हो । कृषि तथा ग्रामीण क्षेत्रमा सामन्ती शोषण, उत्पीडन, विभेद र उत्पादन प्रणाली अझै पनि सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि बाधक र अवरोधका रुपमा छ। यसै कारण सामन्ती भूस्वामित्वको अन्त्य गर्नु र लोकतान्त्रिक ढङ्गले कृषि अर्थतन्त्रको विकास गर्नु नेपालको समग्र अर्थतन्त्रको विकासको आधार सिर्जना गर्नु हो ।

नेपालमा पुँजीवादको विकास प्रयास छ दशकपहिलेबाट भएको हो तापनि पुँजीवादको विकास अत्यन्त मन्द गतिले भएको छ। अहिले पनि देशको जनसङ्ख्याको लगभग २५ प्रतिशत भूमिहीन रहनु, कृषि क्षेत्रमा लगभग ६५ प्रतिशत जनशक्ति क्रियाशील रहनु, देशको कृषि ग्रार्हस्थ्य उत्पादनमा प्रमुख स्थान रहे पनि संलग्न श्रमशक्ति प्रतिशतको तुलनामा आधामात्र आय हुनु यसको लक्षण हो ।

परम्परागत र पछौटे उत्पादन प्रणाली कायम छ। अधिकांश स्थानमा उत्पादन औजार परम्परागतखालकै कायम छ। उत्पादन पूर्वाधार पुरानै छ। उत्पादन व्यवस्थापन अधिकांश स्थानमा परम्परागत नै छ। हिमाली क्षेत्र १५ प्रतिशत, मध्य पहाडी भाग ६८ प्रतिशत र तराई १७ प्रतिशत भूभागमध्ये तराईका फाँटबाहेक अन्यत्रको अत्यधिक स्थानमा आधुनिक औजार, उपकरण, वैज्ञानिक विधि र प्रविधि प्रयोग हुन सकेको छैन। भूमिहीनमा जमिनको पहुँच पुगेको छैन। अधिकांश स्थानमा जमिन भएकै किसान परिवारले पनि यातायात, विद्युत्, सिंचाइ, बजार, आधुनिक प्रविधि प्रयोग गर्न पाएका छैनन् ।

मध्ययुगीन प्रकारकै हलो, गोरु, राँगा, कुटो, कोदालो, खर्पन, डोको र नाम्ला जस्ता उत्पादनका साधन प्रयोग गर्न बाध्य छन्। तराई, पहाड र हिमाली भेगमा भूमिहीन तथा सीमान्त किसानको विशाल पङ्क्ति छ। सस्तो ज्याला, साहूको चर्को व्याज, हलिया, कमैया, हली-गोठाला, खेतालाका रुपमा शोषणमा जीउन बाध्य छन्। वर्षौंवर्षदेखि अर्काको जमिन कमाउने मोहीले मोही हक पाउन सकेका छैनन्। गुठी तथा विर्ता जग्गा जोत्ने किसानका विकराल समस्या समाधान भएको छैन। देशको जनसङ्ख्याको १३ प्रतिशतभन्दा बढी रहेका दलित समुदायमाथि





दोहोरो शोषण कायमै छ। एक्काइसौं शताब्दीमा पनि छुवाछुत जस्तो अमानवीय प्रथा हट्न सकेको छैन। आधा जनसङ्ख्या रहेका महिलामाथिको विभेद समाप्त भएको छैन। देशका कुल जमिन दर्तामध्ये महिलाका नाममा १० प्रतिशत पनि छैन। जमिनमा आफ्नो हक नभएकै कारण उनीहरु समाजमा अनेक पीडा र प्रताडना बेहोर्न बाध्य छन् ।

भूमिहीनकै सङ्ख्या लगभग १० लाख परिवार हुनु, तिनले जीवन जीउनका लागि अत्यन्त न्युन ज्यालामा काम गर्न बाध्य हुनु, कष्टकर वातावरणमा हलिया, हली-गोठाला, खेताला, भरिया, घरेलु कामदार भएर काम गर्न बाध्य छन्। यस्तैमा पनि दलित समुदाय, दुर्गम क्षेत्रका परिवार, महिला र पछाडि परेका जनजाति समुदायको पीडा विकराल छ ।

सीमान्त किसान, जसको जमिन थोरै भए पनि पूर्वाधार नभएका कारण जति रगत पसिना बगाए पनि जीवन धान्न धौधौ पर्छ, त्यस्ता परिवारको हालत पीडादायी छ। जमिनको उत्पादकत्व क्षीण हुँदै जानु, गरिबीको दुष्चक्रबाट मुक्त हुन नसक्नु सीमान्त किसानको मार्मिकता छ। यो अवस्थामा क्रान्तिकारी परिवर्तन गर्नैपर्छ।
भूमि भएका निम्न मध्यम र मध्यम किसानमा पनि उत्साह छैन, जाँगर छैन। बाँकी जीवन कहाँ बिताउने ? कसरी बिताउने ? के पेशा गर्ने ? भन्नेबारे ढुक्क छैन। चारैतिर असन्तोष र चिन्ता छ। उत्साह, जाँगर र भविष्यप्रति आशा उमङ्ग छैन ।

## किन यस्तो छ त ?

सञ्चारका सरल माध्यमबाट संसारको र हाम्रै देशको सुविधा सम्पन्न स्थानको जीवनबारे सुन्ने, बुझ्ने र देख्ने मौका पाएका छन्। यसबाट आफ्नो जीवन र अरुबीचको अन्तर देखेका छन्। यसले उनीहरुमा उकुसमुकुस र छटपटी भएको छ। यसलाई हल गर्न सामाजिक न्याय र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्रान्ति अपरिहार्य छ। निराशालाई उत्साहमा बदल्न, पछौटे उत्पादन प्रणालीलाई अग्रगामी उत्पादन प्रणालीमा रुपान्तरण गर्न, भूमिहीनमा जमिनको पहुँच पुऱ्याउनु, पूर्वाधार विकास गर्न, प्रत्येक किसानमा खासगरी भूमिहीन तथा गरीब किसानमा, मध्यम किसानमा, आम किसानमा, कृषि पेशाप्रति

उत्साहित र आशावादी बनाउन भूमि तथा कृषिमा क्रान्तिकारी परिवर्तन गर्नैपर्छ ।

कृषि क्षेत्रमा रहेका सम्पूर्ण उत्पादक शक्तिमा आत्मविश्वास र हौसला पैदा नगरी उत्पादकत्व बढ्न सक्दैन । भूमिहीनमा जमिनको पहुँच र सम्पूर्ण कृषि पेशालाई मर्यादित र लाभकारी छ भन्ने विश्वास जगाउन आवश्यक सबै क्षेत्रमा नीतिगत कानुनी र व्यावहारिक क्षेत्रमा क्रान्तिकारी परिवर्तन जरुरी छ । कृषि पेशामा क्रियाशील सम्पूर्ण किसानमा कृषि पेशामार्फत् आफ्नो भविष्य छ भन्ने आत्मविश्वास जगाउनुपर्छ । कृषि क्रान्तिको मूल उद्देश्य यसैमा अन्तरनिहित हुनुपर्छ । आम किसानमा उपभोग क्षमता र क्रयशक्ति विकास नभई जति बल गरे पनि गैरकृषि क्षेत्रले विकासको गति तीव्र पार्न सकिँदैन । देशको समग्र अर्थतन्त्रको विकासको मेरुदण्ड कृषि भएकाले कृषिको वृद्धिदर उठाउनु प्रमुख काम हो ।

## क्रान्तिकारी भूमिसुधार भनेको के हो ?

हाम्रो देशमा क्रान्तिकारी भूमिसुधार भन्नु नै भूमिहीनमा जमिनको पहुँच पुऱ्याउनु हो । मोही किसानमा मोहियानी हक स्थापित गर्दै जमिनको पहुँच पुऱ्याउनु । खेती गरिएको गुठी जमिन जोताहा किसानमा हक स्थापित गर्नु । जमिनको स्वामित्व महिला पुरुष दुवैमा कायम हुने व्यवस्था गर्नु । बिर्ता प्रथा खारेज गर्नु । सम्पूर्ण जमिनको भू-उपयोग नीति तर्जुमा गरी लागू गर्नु । जमिनको चक्लाबन्दी गर्नु ।

प्राप्त जमिनमा सिंचाइका लागि आकाशे पानी, जमिनमुनिको पानी, साना, मझौला र ठूला सिंचाइ आयोजनाको सञ्जाल निर्माण गरी लागू गर्नु । पानीका पाँच प्रयोगलाई वैज्ञानिक ढङ्गले, एकिकृतरुपले उपयोगमा ल्याउनु, जस्तो : खानेपानी, सिंचाइ, विद्युत् उत्पादन, माछापालन र पर्यटकीय मनोरमका लागि । कृषि सडक वा अन्य यातायातको सञ्जाल निर्माण गर्नु र प्रत्येक उत्पादन इकाइसम्म त्यसको पहुँच पुऱ्याउनु रहेको छ । यसैगरी किसानसँग छरिएको पुँजी,





छरिएको श्रम, छरिएको सिप र अनुभव, छरिएको स्रोतलाई सहकारी संस्थाहरुको बृहत् सञ्जाल निर्माणका लागि राज्यद्वारा पूर्वाधार विकास गर्नु र प्रत्येक सहकारी सदस्यलाई पहलकदमी साथ अघि बढ्न प्रेरित गरिनुपर्छ । सम्पूर्ण कृषि श्रमिकमा सामाजिक सुरक्षाका आधार निर्माण गर्न आवश्यक सबै उपाय व्यवस्था गर्नुपर्छ । यसरी निर्माण गरिएको समग्र कार्यक्रम एकीकृत ढङ्गले लागू गरिने कार्यक्रमलाई नै क्रान्तिकारी भूमिसुधार भनिन्छ ।

## कृषि क्षेत्रको जनशक्ति किन पलायन हुँदैछ ?

राज्यले भूमिहीन, गरीब किसानमात्र होइन, आम किसानमा उत्साहसाथ लागिरहने वातावरण बनाउन नसकेको हुनाले कृषि पेशाप्रति आकर्षण होइन, विकर्षण बढेको छ । कृषि क्षेत्रको ठूलो जनशक्ति यो पेशाबाटै पलायन हुने क्रम बढ्दो छ । कृषि पेशाप्रतिको निरासा र पलायन हुने क्रम देशकै लागि गम्भीर र डरलाग्दो सङ्केत हो । मानिसले बाँच्नका लागि खानैपर्छ । खानेकुरा कृषि तथा पशुपालन क्षेत्रबाटै आउने हो । खाने, पिउने पदार्थमै हामी आत्मनिर्भर हुन सकेनौं भने कुनै पनि बेला सङ्कट बेहोर्नुपर्ने हुन सक्छ ।

कृषि उत्पादनमा हरेक देश, हरेक मौसममा आत्मनिर्भर हुन जरुरी छ । आयात तथा निर्यात व्यापार गर्न सकिन्छ तर कुनै पनि नाकाबन्दीको सम्भावनालाई ध्यानमा राखेर आफूलाई पुग्ने खाद्य पदार्थ उत्पादन गर्नुपर्छ, नत्र देशको स्वतन्त्रतामै सङ्कट आउन सक्छ । यसका लागि क्रान्तिकारी भूमिसुधारसँगै कृषि क्रान्तिलाई गाँसेर लैजानुपर्छ । कृषि भन्नेबित्तिकै अन्न, फलफूल, तरकारी पशुपक्षी पालन व्यवसाय, दुग्ध व्यवसाय, माछा पालन व्यवसाय, चिया, कफी, चिनी, मौरी पालनलगायत् खाद्य पेय सबै पदार्थ पर्दछ । यसलाई त्यही उचाइबाट बुझ्दै र व्यवहारमा लागू गर्नुपर्छ ।

हाम्रो देश नेपाल विविधै विविधताले भरिएको छ । क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर भए पनि संसारमा पाइने सबैखाले हावापानी नेपालमा पाइन्छ । विविध हावापानी, विविध प्रकारको

माटो, विविधखालका भूबनोटहरु, समुद्र सतहबाट ७३ मिटरदेखि ८८४८ मिटरसम्मको भूभाग छ। भूगोलजस्तै अनेक जातजाति र समुदाय, अनेक धर्म, अनेक संस्कृति, अनेक भेषभुषाका जनता छन्। यो विविधतालाई अनेकताबीचको एकता गर्न सके हाम्रो देशको अमूल्य सम्पत्ति हुनेछ। शान्ति, सहिष्णुता, सद्भाव र एकताको माला गाँस्न नसके परिणाम नकारात्मक पनि हुन सक्छ। यसकारण भूमिको उपयोग वैज्ञानिक ढङ्गले गर्न जरुरी छ।

जमिन उपयोग गर्दा जहाँ, जेका लागि उपयोग गर्दा बढी प्रतिफल प्राप्त हुन्छ, बढी वातावरण मैत्री हुन्छ, प्रतिइकाइ बढी लाभ हुन्छ, माथि बताइएको आधारभूत सिद्धान्तका आधारमा रहेर काम गर्नुपर्छ।

## पशु र पक्षी पालनमा जोड

हाम्रो देशको खेती गरिएको जमिनको दोब्बर क्षेत्रफल वन सिमानामा पर्छ। त्यो वनलाई उत्पादनमूलक बनाउनुपर्छ। फल पनि फल्ने, पशुले खाने घाँस पनि हुने, पानीको स्रोत पनि रक्षा गर्ने, काठ र हरियाली पनि हुने रुखलाई पहिलो प्राथमिकता दिनुपर्छ। पशुले खाने घाँस पनि हुने, पानीको स्रोत रक्षा पनि गर्ने, काठ हरियाली पनि हुनेलाई दोस्रो महत्त्वको रूखको रुपमा लगाउनुपर्छ। त्यसैगरी पानीको स्रोत रक्षा गर्ने, काठ र हरियाली पनि हुने रूखलाई तेस्रो महत्त्वको रूखको रुपमा लिनुपर्छ।

सल्लो र इपिलिप्टसजस्ता रूख, जसले पानीको स्रोत रक्षा पनि गर्दैन, भुइँको घाँस पनि आउन दिँदैन, त्यस्ता रूखलाई अरु कुनै हुर्काउन नसकिने ठाउँमा मात्र स्थान दिनुपर्छ। यसो गर्दा पशु पालन व्यवसाय बढ्छ। पशुपालन बढ्नेबित्तिकै जैविक मल र गोबरग्याँसको प्रयोगबाट वातावरण जोगाउन बल पुग्छ। पृथ्वीको तापक्रम बढ्न नदिन बल पुग्छ। गरिबी निवारण गर्न, रोजगार सृजना गर्न, आयात प्रतिस्थापन गर्न, निर्यात वृद्धि गर्न र वातावरण संरक्षण गर्न वनस्पति र वन्यजन्तु रक्षाका लागि बल पुग्छ र कार्वन व्यापारमा पनि लाभ लिन सकिन्छ। यतिमात्र होइन, माटोको रक्षा, माटोको उर्वरा शक्तिको रक्षा, मातृभूमिको रक्षाका लागि यो महत्त्वपूर्ण कार्य हुन्छ।





## गैरकृषि क्षेत्रमा प्रयोग हुने जमिनबारे

जमिनको उपयोग कृषिमा मात्र हुँदैन। आवास, सडक, सार्वजनिक निर्माण, उद्योग, पर्यटन, व्यापारिक केन्द्र, खेल मैदान, यातायातका विविध उपयोग, स्कुल, कलेज, अस्पताल निर्माण यावत् क्षेत्रमा जमिनको प्रयोग हुन्छ। तर यस्ता कार्यमा कस्तो जमिन प्रयोग गर्ने ? यसबारे राज्यको प्रष्ट नीति बन्न जरुरी छ।

कृषि जमिनलाई गैरकृषि प्रयोजनमा दुरुपयोग हुनबाट जोगाउने उपाय मौकामै गरेनौं भने परिणाम गम्भीर हुन्छ। अल्पकालीन लाभलाई व्यक्तिले हेर्छ, राज्यले तत्कालका समस्या हल गर्न खोज्दा दीर्घकालसम्मको सोच बनाएर समग्र योजना तर्जुमा गर्नुपर्छ। यसबारे समग्र भूमि उपयोग नीतिलाई कडाइसाथ लागू गरिएन भने गम्भीर परिणाम आउन सक्छ। यसबारे भियतनामबाट सिक्न सकिने प्रशस्तै विषय छन्।

भूमिको व्यवस्थापन अर्थात् क्रान्तिकारी भूमिसुधार कार्यक्रम केवल वामपन्थी पार्टीहरुको विषयमात्रै होइन। युरोपमा सामन्ती भूस्वामित्व अन्त्य गर्न र पुँजीवादी विकासमा तीव्रता दिने कार्यमा त्यहाँका पुँजीवादी र पुँजीवादी सरकारको भूमिका प्रमुख थियो। जापान, कोरिया र चीनको ताइवानमा पनि गैरवामपन्थी पार्टी र सरकारकै नेतृत्वमा क्रान्तिकारी भूमिसुधार भएका थिए। यथार्थमा भूमिहीनमा जमिनको स्वामित्वको पहुँच पुऱ्याउनेलगायत्का सामन्ती भूस्वामित्वको अन्त्य गर्ने कार्य गैरवामपन्थीहरुको पनि कार्यक्रम हो। यस कारण हाम्रो देशमा पनि क्रान्तिकारी भूमिसुधार कार्यक्रम पुँजीवादी कार्यक्रम नै भएकाले लोकतान्त्रिक पार्टीहरुको विमति हुनुपर्ने कारण छैन।

पुँजी निर्माण र पुँजीको विकासका लागि मात्र होइन, समाजमा असमानता, अन्याय र अभावका कारण उत्पन्न हुने द्वन्द्व न्युन गर्न पनि क्रान्तिकारी भूमिसुधार अपरिहार्य छ।

- कतिपयले क्रान्तिकारी भूमिसुधार भनेको केवल भूमिहीनलाई जमिन वितरण गर्ने विषयमात्रै बुझ्ने गरेका छन्। क्रान्तिकारी भूमिसुधार भनेको सम्पूर्ण भूमि क्षेत्रमा सामाजिक न्याय र

उत्पादकत्व वृद्धिका लागि बृहत् कार्यक्रम हो। केवल भूमि वितरणको विषयमात्रै होइन। कतिपयले भूमिहीनमा जमिनको पहुँच पुऱ्याउने महत्त्वपूर्ण सवाललाई नै गम्भीरता साथ नलिने र कहाँ छ र जमिन दिने भन्दै भूमिहीन किसानको पीडालाई बेवास्ता गर्ने गर्छन्।

- भूमिहीनमा जमिनको पहुँच पुऱ्याउने भनेको जमिन बढी भएर मात्र होइन, जसको वैकल्पिक पेशा पनि छैन, पेशा प्राप्त गर्ने तत्काल सम्भावना पनि छैन, वैकल्पिक सीप विकास पनि भएको छैन, तिनलाई जमिन उपलब्ध गराउने आधार सृजना गर्नु राज्यको दायित्व हो।
- कतिले भन्ने गर्छन्- 'अब जमिन वितरण गर्ने होइन, उद्योगको विकास गर्ने र रोजगारीको व्यवस्था गर्नुपर्छ।' तर यो कुरा जिम्मेवारीबाट पन्छनका लागि व्यक्त गरिने विषय हो। एउटा उखान छ- 'भोकाएको भन्छ डाँडावारि खाउँ, अघाएको भन्छ डाँडापारि खाऊँ।' त्यस्तै समस्या नभएका सम्पन्नहरु यही भन्ने गर्छन्, जसलाई जीवन निर्वाहको कुनै समस्या छैन, तिनको भनाइ हो यो। आमरुपमा समस्याग्रस्त रहेका भूमिहीन तथा अन्य समस्यामा आक्रान्त भएका कृषि श्रमिकहरुको अन्तरआवाज ग्रहण गर्न जरुरी छ।
- कतिपय नेता र कतिपय विज्ञ पनि भन्ने गर्छन्- 'भूमिसुधार भनेको तराईको जमिन खोस्नका लागि बहाना हो।' यस्तो सोचाइ शतप्रतिशत गलत हो। वि.स. २०२१ (सन् १९६४) मा भएको भूमिसुधारमा तराईमा १७ हेक्टर, पहाडमा ४ हेक्टर र काठमाडौंमा २.५ हेक्टर हदबन्दी कायम गरियो। यसकारण पनि तराईमा भूमिहीनताको समस्या बढी हुन गयो। जमिन सीमित व्यक्तिमा केन्द्रित रहन गयो। त्यसमा थप तत्कालीन पञ्चायती सरकारले स्थानीय भूमिहीन किसानलाई प्राथमिकता दिन सकेन। त्यसमा थप कुरा वि.स. २०२१ (सन् १९६४) को भूमिसुधार कार्यक्रमले हदभन्दा बढीको जमिन पनि अति न्युनमात्रै प्राप्त गऱ्यो। देशभरबाट ४५ हजार बिघा जमिन प्राप्त गरेको थियो, जसमा लगभग २२ हजार बिघा बर्दिया





जिल्लाबाट र बाँकी अन्यत्रबाट प्राप्त गरेको थियो। त्यो पनि सबै भूमिहीनमा वितरण गर्न सकेन।

- वि.स. २०५३ (सन् १९९५) को उच्चस्तरीय भूमिसुधार आयोग (बडाल आयोग) ले प्रष्ट भनेको छ- जमिन उपलब्ध गराउँदा जुन गाविसमा जमिन प्राप्त हुन्छ, सर्वप्रथम त्यही गाविसका भूमिहीन किसानमा वितरण गरिनुपर्छ। त्यसमा पनि भूमिहीन दलित, अल्पसङ्ख्यक, कमैया र हलियालाई प्राथमिकता दिनुपर्ने कुरा प्रस्तुत गरिएको थियो। गाविसका भूमिहीनलाई वितरण गरेर बाँकी रहेको खण्डमा मात्र छिमेकी गाविस वा जिल्लामा वितरण गरिनुपर्ने त्यसमा उल्लेख छ।
- भूमिहीन तथा सीमान्त किसानले उत्पादनको साधन भूमि प्राप्त गरेपछि र त्यसलाई उत्पादनशील बनाउन अन्य उत्पादनका पूर्वाधार राज्यले व्यवस्था गरेपछि भूमिहीन तथा गरिब किसानमा उत्साह जाग्छ। आत्मविश्वास, आशा र जाँगर बढेपछि श्रमिकमा शक्ति पैदा हुन्छ। त्यो शक्तिले उत्पादकत्व बढ्छ। यसरी सामाजिक न्याय र उत्पादकत्व वृद्धि सँगसँगै हुने हुँदा क्रान्तिकारी भूमिसुधार कार्यक्रमले समाजमा शान्ति र अमनचैन कायम गर्न मद्दत पुग्छ। शान्तिपूर्ण वातावरणले लगानी बढ्छ। लगानी बढेपछि रोजगार सृजना हुन्छ। राजश्व वृद्धि हुन्छ। राजश्व बढेपछि लोककल्याणकारी कार्यमा खर्च गर्ने क्षमता बढ्दै जान्छ। यसले देशको समग्र अर्थतन्त्रको चक्रमा सकारात्मक परिणाम देखिन थाल्छ।
- अहिलेको अवस्थामा लाखौं भूमिहीन किसान परिवारको लाखौं श्रमशक्ति सदुपयोग हुन सकेको छैन। क्रान्तिकारी भूमिसुधार कार्यक्रमले त्यो श्रमशक्तिलाई भरपुर सदुपयोग गर्ने वातावरण सृजना गर्ने हुँदा गैरकृषि क्षेत्रको उत्पादनमा पनि तीव्रता आउन थाल्छ। सामन्ती उत्पादन प्रणाली र व्यवहार समाप्त हुँदै जान्छ। नयाँ लोकतान्त्रिक आधार सबल हुँदै जान्छ। लोकतन्त्र सबै श्रमजीवि जनताको घर आङ्गनमा स्थापित हुँदै जान्छ। सबैका लागि लोकतन्त्र भयो भने त्यो सधैंका लागि टिकाउ हुन्छ। आर्थिक क्षेत्रमा लोकतन्त्र भएन भने राजनीतिक क्षेत्रको लोकतन्त्रले सार्थकता पाउन सक्तैन।

- क्रान्तिकारी भूमिसुधार कार्यक्रम सफल बनाउन सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सबै न्यायकर्मी, सुरक्षा निकायका सबै अङ्ग, पत्रकार, विशेषज्ञ, नागरिक समाजका अगुवा, मानवअधिकार आन्दोलनका अभियन्ता सबैले सकारात्मकरुपले सहयोग पुऱ्याउनु आवश्यक छ । देशको प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमि भएकाले यो क्षेत्रमा जागरण नआइ अरु क्षेत्रको विकासमा गति आउन सक्दैन ।
- अरु सम्पत्ति र भूमि एकै होइन । अरु सम्पत्ति आर्जन गर्दै थप्न सकिन्छ तर भूमिको क्षेत्रफल थपौं भनेर थपिँदैन । भूमिलाई अरु सम्पत्तिजस्तै गरी हेर्न, बुझ्न, विश्लेषण गर्न, व्याख्या गर्न मिल्दैन । उखानै छ- 'जहाँ भूमिसुधार, त्यहाँ विकास अभियान, जहाँ सामन्ती भूमि व्यवस्था, त्यहाँ असमानता र पछौटेपन ।' त्यसैले सामन्ती मानसिकता त्यागौं र नयाँ लोकतान्त्रिक मानसिकताको विकास गरौं, यो नै आजको आवश्यकता हो ।
- जापान, कोरिया, चीन, ताइवान, भियतनामको विकासमा गति ल्याउन भूमिसुधारकै प्रमुख भूमिका छ । ती देशलाई हेर्दा राज्य नियन्त्रित भूमि व्यवस्थापनमा पनि विकासले गति लिन सकेन, सामन्ती भूमि व्यवस्थाले पनि विकासमा गति दिन सकेन । जब लोकतान्त्रिक ढङ्गले किसानमा, भूमिहीन कृषि श्रमिकमा जमिनको पहुँच पुगेपछि नै विकासको गति तेज भयो, कृषि उत्पादकत्वमा तेजी आयो, कृषि विकासको गतिले गैरकृषि क्षेत्रको विकासमा गति ल्याउन बल पुऱ्यायो ।
- देश श्रमजीबी जनताको हो । मुठ्ठीभर सामन्तको मात्र होइन । त्यसैले सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि क्रान्तिकारी भूमिसुधारको समग्र कार्यक्रम देश विकासको गति तीव्र पार्ने पूर्वाधार हो भन्ने कुरा महसुस गर्न भियतनाम एउटा अध्ययन गर्नुपर्ने देश हो भन्ने अनुभूति भएको छ ।

◆◆◆





## सन्दर्भ सामग्री :


१. भियतनाम शान्ति र विकास प्रतिष्ठानका कार्यकारी उपाध्यक्ष शन डक लुईको कार्यपत्र र उनीसँग भएको छलफल
२. जनरल इन्स्टिच्युट अफ पोलिसी एण्ड स्ट्राटेजी फर एग्रिकल्चर एण्ड रुरल डेभलपमेन्टका भाइस डाइरेक्टर डा.दोङ डोक थाईको प्रस्तुति तथा छलफल
३. भियतनाम फार्मर्स युनियनको ब्रोसियर
४. बेइजिङ रिभ्युमा प्रकाशित चुज्युन र जेभ चियाज्फीको फिनान्सियल क्राइसिस विषयक लेख
५. भियतनाम स्टाटिक्स ब्युरोको प्रतिवेदन
६. उच्चस्तरीय भूमिसुधार आयोग (बडाल) को प्रतिवेदन
७. केशव बडाल लिखित सहकारी सिद्धान्त र प्रयोग